## सिलीचोङ गाउँपालिका

## कृषि तथा पशुपन्छी (प्रवर्धनर व्यवसायिकरण) ऐन, २०८३

सभाबाट पारित मिति : २०८३/०३/१०

प्रमाणिकरण मिति : २०८३/०३/१८

राजपत्रमा प्रकाशन मिति: २०८३/०३/२२

**कृषि तथा पशुपालन प्रवर्धन, संरक्षण र व्यवसायिक कारोवारसम्बन्धी कानूनलाई संसोधन र एकीकरण गर्न वनेको ऐन**

**प्रस्तावना:**स्थानीय कृषि उत्पादन र पशुपन्छी पालन व्यवसायलाई व्यवसायिकरण गर्दै, जैविक मल र विषादिलाई प्रोत्साहित गरी स्थानीय प्रजातिका वीउ वीजन र पशुपन्छी संरक्षण सम्बर्धन र प्रवर्धन गर्न, कृषि र पशुपालन व्यवसायलाई आय मुलक, मर्यादित र सम्मानित व्यवसायकोरुपमा विकास गर्न, कृषक समूह गठन तथा व्यवस्थापन गरी समूहहलाई प्रभावकारी एवम् समन्वयात्मक रूपमा सञ्चालन गर्न, समग्र कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्धनका लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधान धारा २२६ को उपधारा (१) ले दिएको अधिकार प्रयोग गरी गाउँ सभाले यो ऐन बनाएको छ ।

### परिच्छेद -१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम “कृषि तथा पशुपन्छी (प्रवर्धन र व्यवसायीकरण) ऐन, २०८३” रहेको छ ।

(२) यो ऐन सिलीचोङ गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा;-

(क) **“अध्यक्ष”** भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

(ख) **“उत्पादक”** भन्नाले कृषि वस्तु उत्पादन गर्ने कृषक व्यक्ति, समूह, एजेन्ट वा कम्पनी वा कृषि फर्म वा सहकारी संस्था सम्झनु पर्दछ ।

(ग) **“एजेन्ट”** भन्नाले कृषि उद्यमी, व्यवसायी, कृषि बजार वा कृषि जन्य वस्तुहरूको कारोबार गर्न स्वीकृति प्राप्त व्यक्ति वा संस्था सम्झनु पर्दछ र सो शब्दले संगठित संस्थाको प्रतिनिधिलाई समेत जनाउनेछ ।

(घ) **"कृषक"** भन्नाले आफ्नै जग्गामावा कसैको जग्गा लिज वा करारमा लिई व्यावसायिक कृषि खेती गर्ने कृषक, कृषक समूह, कृषि व्यवसायी, कृषि फर्म वा कृषि सहकारी समेतलाई सम्झनु पर्दछ ।

(ङ) **"कृषि"** भन्नाले परम्परागत वा आधुनिक प्रविधिको प्रयोग गरी अन्न वाली वा पशुपन्छी उत्पादन, व्यवसायिक कारोवार गर्ने कार्यलाई सम्झनु पर्दछ र सो शब्दले व्यावसायिक कृषि कारोवारलाई समेत जनाउँछ ।

(च) **"कृषि फर्म"** भन्नाले व्यावसायिक प्रयोजनको लागि यस ऐन बमोजिम तोकिएका बाली उत्पादनका लागि सञ्चालन गरिएको कृषि फर्म सम्झनु पर्दछ ।

(छ) **"कृषि बजार"** भन्नाले कृषि उपजको ग्रेडिङ, प्याकेजिङ्ग, ढुवानी, भण्डारण, वितरण तथा कृषि उपजको बिक्री वितरण गर्ने कृषि बजार सम्झनु पर्दछ ।

(ज) **"कृषि वस्तु"** भन्नाले कृषकले कुनै बोट विरुवा वा जीवजन्तुबाट उत्पादन गरेको उपभोग्य कृषि वस्तु सम्झनु पर्दछ ।

(झ) **"कृषि व्यवसाय"** भन्नाले व्यावसायिक उद्देश्यले गरिने कृषि बाली वा बस्तुको उत्पादन, कृषिजन्य वस्तुको प्रशोधन, कृषि उपजको व्यापार, कृषि उत्पादनका लागि प्रयोग हुने रसायनिक वा प्राङ्गारिक मलको उत्पादन, भण्डारण तथा वितरण, कृषि उत्पादनको लागि प्रयोग हुने विउ, वेर्ना, नश्ल र भुराको उत्पादन, परामर्श सेवा, भण्डारण तथा वितरण, कृषिमा प्रयोग हुने औषधी एवम् विषादीको उत्पादन, परामर्श, भण्डारण तथा बिक्री व्यवसाय लगायतका कृषिमा आधारित व्यवसायलाई सम्झनु पर्दछ ।

(ञ) **"कृषक समूह"** भन्नाले कृषि पेशामा संलग्न भई मिल्दाजुल्दा समस्या, आवश्यकता र चाहनाहरू भएका व्यक्तिहरू मिली आफ्ना निश्चित साझा उद्देश्यहरू सामूहिक प्रयत्नद्वारा प्राप्त गर्न यस ऐन बमोजिम गठन गरिएको समूह जनाउँदछ ।

(ट) **"कार्यपालिका"** भन्नाले सिलीचोङ गाउँपालिका गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

(ठ) **"कार्यालय"** भन्नालेसिलिचोङ गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ र सो शब्दले वडा कार्यालयलाई समेत जानाउनेछ ।

(ड) **"कोष"** भन्नाले यस ऐनको दफा ५५ बमोजिम स्थापित कृषि व्यवसाय प्रवर्द्धन कोषलाई सम्झनु पर्दछ ।

(ढ) **"खुद्रा बजार"** भन्नाले कुनै विक्रेताले उपभोक्तालाई बिक्री गर्ने खुद्रा बजारलाई सम्झनु पर्दछ ।

(ण) **"गाउँपालिका"** भन्नाले सिलिचोङ गाउँपालिका सम्झनु पर्दछ ।

(त) **"जोन"** भन्नाले कुनै विशेष कृषि उत्पादनका लागि उपयुक्त भूगोल, जलवायु, माटो, तथा अन्य स्रोतहरूको आधारमा कृषि गतिविधिहरू एकीकृत रूपमा प्रवर्द्धन गर्नका लागि पहिचान गरी तोकिएको ठूलो क्षेत्रलाई सम्झनु पर्दछ।

(थ) **"तोकिएको वा तोकिए बमोजिम"** भन्नाले यस ऐन बमोजिम बनेको नियमावली, कार्यविधि वा निर्देशिकामा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ । र सो शब्दले कार्यपालिकाले तोकेकोलाई समेत जनाउने छ ।

(द) **"थोक बजार"** भन्नाले कुनै उत्पादक वा विक्रेताले अर्को विक्रेतालाई कृषि वस्तु बिक्री वितरण गर्ने थोक बजारलाई सम्झनु पर्दछ ।

(ध) **"पकेट क्षेत्र"** भन्नाले कुनै उत्पादनलाई व्यावसायिक रूपमा प्रवर्द्धन गर्न विशेष बाली वा पशुपालन उत्पादनका लागि तोकिएको उपयुक्त सानो भूभागलाई सम्झनु पर्दछ ।

(न) **"प्रमुख प्रशासकीयअधिकृत"** भन्नालेसिलिचोङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतसम्झनु पर्दछ । र सो शब्दले प्रमुख प्रशासकीय अधिकृत भई काम गर्न तोकिएको कर्मचारीलाई समेत जनाउनेछ ।

(प) **"बिक्रेता"** भन्नाले कृषि वस्तुहरु बिक्री गर्ने व्यापारी, कृषक, कृषक समूह, कृषि फर्म, सहकारी संस्था, कम्पनी वा एजेन्ट बिक्रेता समेतलाई सम्झनु पर्दछ ।

(फ) **"मन्त्रालय"** भन्नाले संघ तथा प्रदेशको कृषि क्षेत्र हेर्ने मन्त्रालयलाई सम्झनुपर्दछ।

(ब) **"वडा"** भन्नाले सिलिचोङ गाउँपालिकाको वडा सम्झनु पर्दछ ।

(भ) **"व्यवसायिक"** भन्नाले नाफाको उधेश्यवाट उत्पादन गरिने कृषि जन्य व्यवसायलाई बुझाउनेछ ।

(म) **"समिति"** भन्नाले यस ऐनको दफा ४१ बमोजिमको समितिलाई सम्झनु पर्दछ ।

(ल) **"संकलन केन्द्र"** भन्नाले कृषकहरुले दोस्रो बजारमा विक्री गर्ने उद्देश्यले कृषि उपज सकंलन गररे विक्रेतालाई विक्री गर्ने स्थललाई सम्झनु पर्दछ ।

(व) **"सुपर जोन"** भन्नाले राष्ट्रिय स्तरको कृषि उत्पादन केन्द्रको रूपमा विकास गर्नका लागि विशेष बजेट, पूर्वाधार, तथा प्रविधि लगानी गरिएको जोनहरूभन्दा विस्तृत र उच्च प्राथमिकतामा राखिएको कृषि क्षेत्रलाई सम्झनु पर्दछ ।

(स) **"स्थानिय प्रजाति"** भन्नाले परम्परादेखि खास जाति वा समुदाय विशेषले संरक्षण गर्दै आएका, आफ्नै वंशाणुगत गुण भएका तथा वर्ण शंकर प्रजातिसँग संक्रमण नगरिएका अन्न, तरकारी तथा फलफूल, बाली एवं पशु पन्छी जस्ता वस्तुहरुलाई जनाउनेछ ।

(श) **"हाट-बजार"** भन्नाले कृषि उपज लगायत अन्य स्थानीय उत्पादन विक्री गर्ने उद्देश्यले स्थानीय तहबाट स्वीकृत लिई सञ्चालन भएको हाट बजारलाई सम्झनु पर्दछ ।

## परिच्छेद -२

## कृषि उत्पादन, व्यवसाय तथा बजार सम्बन्धि व्यवस्था

३. **कृषि उत्पादनको बर्गीकरणः** (१) कृषि उत्पादनलाई देहाय बमोजिम बर्गीकरण गरिनेछ;-

(क) अन्न उत्पादन : सबै प्रकारका अन्नबालीहरु,

(ख) तरकारी उत्पादन : सबै प्रकारका तरकारीबालीहरु,

(ग) फलफूल उत्पादनः सबै प्रकारका फलफूलबालीहरु,

(घ) माछा उत्पादन : सबै जातका माछाहरु,

(ङ) अण्डा तथा कुखुराको मासु उत्पादन : सबै जातका कुखुरा एवम् अण्डा आदि,

(च) पन्छी जन्य उत्पादन : हाँस, वट्टाई, च्याखूरा, कुखुरा, चल्ला, टर्की, अस्ट्रीज, तिगा, आदि,

(छ) पशु जन्य उत्पादन : याक, चौरी, गाई, गोरू, राँगा, भैसी, खसी, बाखा, च्यांग्रा, वंगुर, आदि,

(ज) दुग्ध जन्य उत्पादन : दुध तथा दुधका परिकारहरु,

(झ) मासु जन्य उत्पादन : मासु जन्य परिकारहरु,

(ञ) जडिबुटि उत्पादन : सबै प्रकारका जडिबुटिहरु,

(ट) मसलादार बस्तु उत्पादन : सबै प्रकारका मशलादार बस्तुहरु,

(ठ) फूल उत्पादन : सबै प्रकार फूलहरु ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय आवश्यकताको आधारमा कार्यपालिकाले कृषि उत्पादनको अन्य वर्गीकरण तोक्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम कार्यपालिकाले कृषि उत्पादनको अन्य वर्गीकरण तोकेकोमा सो को सूचना स्थानीय राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम सूचना प्रकाशन नभए सम्म त्यस्तो वर्गीकरणको कार्यान्वयन गर्न गराउन पाइने छैन ।

४. **कृषि उत्पादनको क्षेत्र निर्धारण र मापदण्ड**: (१) दाफा ३ बमोजिमको कृषि उत्पादनको क्षेत्र निर्धारण र मापदण्ड देहाय बमोजिम गर्न सकिनेछ ;-

(क) सुपर जोन,

(ख) जोन,

(ग) पकेट क्षेत्र ।

(२) सुपरजोन, जोन तथा पकेट क्षेत्र निर्धारण गर्नुभन्दा पहिले सो को सम्भाव्यता अध्ययन गरी अध्ययन प्रतिवेदनका आधारमा मात्र गर्नु पर्नेछ ।

(३) सुपरजोन, जोन तथा पकेट क्षेत्र निर्धारण गर्दा आवश्यक क्षेत्रफल सम्बन्धी व्यवस्था प्रचलित संघीय र प्रदेश कानून बमोजिम कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

५. **कृषि बजारको स्थापना र सञ्चालन** : (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको कुनै पनि स्थानमा कृषि बजारको स्थापना र सञ्चालन गर्न सक्नेछ ।

(२) कृषि सम्वन्धी कार्य गर्ने व्यक्ति, समूह, सहकारी वा कम्पनीले गाउँपालिकाको अनुमति लिई कृषि बजारको स्थापना र सञ्चालन गर्न सक्नेछन् ।

(३) उपदफा (२) बमोजिमको बजार स्थापना र सञ्चालन वापत लाग्ने शुल्क गाउँ सभाले तोके बमोजिम हुनेछ ।

(४) कृषि बजार स्थापना र सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६. **कृषि बजारको वर्गीकरण** : (१) दफा ५ बमोजिम स्थापना हुने कृषि बजारको वर्गीकरण देहाय बमोजिम हुनेछ;-

(क) थोक बजार,

(ख) खुद्रा बजार,

(ग) हाट बजार,

(घ) संकलन केन्द्र,

(ङ) अक्सन बजार,

(च) अनलाईन बजार,

(छ) कृषि सुपर मार्केट वा मार्ट ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय आवश्यकताको आधारमा कार्यपालिकाले बजारका अन्य प्रकार तोक्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम कार्यपालिकाले बजारको थप प्रकार तोकेकोमा सो को सूचना स्थानीय राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम सूचना प्रकाशन नभएसम्म त्यस्तो बजारको कार्यान्वयन गर्न गराउन पाइने छैन ।

७. **कृषि व्यवसाय** : (१) कुनै पनि व्यक्ति, समूह, सहकारी वा कम्पनीले कृषि तथा पशुपन्छीजन्य वस्तुहरुको व्यवसायिक उत्पादन तथा विक्री वितरण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गरिने कृषि व्यवसाय यस ऐन बमोजिम गाउँपालिकामा दर्ता वा सूचिकृत गर्नु पर्नेछ ।

(३) कृषि व्यवसाय स्थापना र सञ्चालन सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

८. **कृषि सहकारी संस्था स्थापना गर्न सक्ने** : (१) कृषि व्यवसाय प्रवर्धनका लागि गाउँपालिकाले स्थानीय नागरिकहरूको साझेदारी र सहभागितामा प्रचलित कानूनको अधिनमा रही कृषि सहकारी संस्थाको गठन, स्थापन र सञ्चालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन, स्थापन र सञ्चालन हुने सहकारीको चुक्ता पुँजीको ५१ (एकाउन्न) प्रतिशत सम्म शेयर पुँजी गाउँपालिकाले लगानी गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम स्थापना र सञ्चालन हुने सहकारी संस्थाको सन्चालक समितिमा सहकारी संस्थाका शेयर सदस्यहरूमध्येबाट कार्यपालिकाको सिफारिसमा गाउँ सभाले निर्वाचित गरेको कम्तिमा एक जना महिला सहित दुई जना सदस्य रहनेछन् ।

(४) उपदफा (३) बमोजिम सहकारी संस्थाको सन्चालक निर्वाचनका लागि कार्यपालिकाले कम्तिमा तीन तीन जना महिला र पुरूषको नाम सिफारिस गर्नु पर्नेछ ।

(५) उपदफा (१) र (२) बमोजिम स्थापना र सञ्चालन हुने सहकारी संस्थाको प्रबन्धक संस्थाको विनियमको अधिनमा रही कार्यपालिकाले नियुक्ति गर्नेछ ।

(६) यस दफा बमोजिम स्थापना र सञ्चालन गरिने कृषि सहकारी संस्थाको विनियम गाउँ कार्यपालिकाको बैठकको स्वीकृति प्राप्त भए पछि मात्रा लागु हुनेछ ।

(७) यस दफा वमोजिम गठन, स्थापन र सञ्चालनहुने सहकारी संस्था स्थापनाको सूचना स्थानीय राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

(८) उपदफा (७) वमोजिम सूचना प्रकाशन नभए सम्म त्यस्तो संस्थाको गठन, स्थापन र सञ्चालन कानूनी रुपमा ग्राह्य हुनेछैन ।

(९) उपदफा (१) र (२) बमोजिम बमोजिम स्थापना र सञ्चालन गरिने कृषि सहाकारी सञ्चालन र व्यवस्थापन सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

९. **कृषि व्यवसाय गर्न बन्चित गर्न नहुने** : कृषि व्यवसाय गर्ने व्यक्ति, समूह, सहकारी वा कम्पनीलाई कसैले पनि कृषि व्यवसाय गर्नबाट कानून वमोजिम बाहेक बन्चित गर्न, गराउन एवम् हानी नोक्सानी पुर्याउनु हुदैन ।

१०. **कृषिको व्यबसायिकरण** : (१) यस ऐन बमोजिम स्थापना र सञ्चालन हुने कृषि व्यवसायको व्यवसायिकरणका लागि गाउँ कार्यपालिकाले देहाय बमोजिमका कार्य गर्न सक्नेछ;-

(क) निःशुल्क तालिम,

(ख) निःशुल्क कृषि अध्ययन अवलोकन भ्रमण,

(ग) जमिनको गुणस्तर सूधारमा सहयोग,

(घ) सिँचाईको व्यवस्थापन,

(ङ) आधुनिक कृषि औजार उपकरणमा सहयोग र उपलव्धता,

(च) बजारीकरणको सहायता र व्यवस्थापन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय आवश्यकताको आधारमा कार्यपालिकाले अन्य आवश्यक कार्य गर्ने गरी तोक्न सक्नेछ ।

११. **व्यवसायिक पशुपन्छि तथा माछा मासु उत्पादन सम्बन्धी व्यवस्था**: (१) दुध, मासु र अन्य प्रयोजनका लागि उत्पादन गरिने पशुहरुका लागि देहाय बमोजिम व्यवस्था गरिएको हुनु पर्नेछ;-

(क) पशुपालनका लागि गोठ र घाँसको लागि पर्याप्त जमिनको व्यवस्था गरिएको,

(ख) माछा पालनाका लागि पर्याप्त मात्रामा पोखरीको व्यवस्था गरिएको,

(ग) पन्छीजन्य उत्पादनका लागि पन्छी संख्याको आधारमा पर्याप्त मात्रामा खोरको व्यवस्था गरिएको,

(घ) पशुपन्छी पालनबाट उत्पादन हुने उपभोग्य वस्तुको भण्डारणका लागि उपयुक्त व्यवस्था गरिएको,

(ङ) पशुपंन्छी तथा माछाको संख्या र परिमाण वृद्धि हुदै गएमा गोठ, घाँस, खोर र पोखरीको लागि थप जमिनको व्यवस्था गरिनु पर्ने ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय आवश्यकताको आधारमा कार्यपालिकाले अन्य थप व्यवस्था गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम कार्यपालिकाले थप व्यवस्था गरेकोमा सो को सूचना स्थानीय राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम सूचना प्रकाशन नभएसम्म त्यस्तो व्यवस्था कार्यान्वयन गर्न गराउन पाइने छैन ।

१२. **अरुलाई असर गर्न नहुने**ः (१) कुनै पनि व्यक्ति, समूह, सहकारी वा कम्पनीले पशु पंछीपालन गर्दा सो बाट अरुलाई असर नहुने गरी देहाय बमोजिम गर्नुपर्नेछ;-

(क) पशुपन्छी पालनबाट निस्कने गोबर वा फोहर पदार्थको समुचीत व्यवस्थापन गर्ने,

(ख) पशुन्छीबाट निश्कासित हुने मलमुत्रले दुर्गन्ध हुने भएमा त्यस्तो मलमुत्रको समुचित व्यवस्थापन गर्ने,

(ग) दुर्गान्धित मलमुत्र निस्कासन गर्ने पशुपन्छी पालन फर्म वस्ती भन्दा तोकिए बमोजिमको दुरीमा मात्र संचालन गर्नु पर्ने,

(घ) घर पालुवा पशुपन्छीलाई छाडा छाड्न नहुने,

(ङ) पशुपन्छीहरुबाट आउने आवाजले अरुलाई असर गर्न नहुने,

(च) स्वच्छ र सफा बातावरणको निर्माण गरी व्यवसाय संचालन गर्नु पर्ने,

(छ) कुनै पनि प्रकारको असर नपुग्ने गरी पशुपंछीको पालनको व्यवस्थापन गनुपर्ने,

(ज) कसैलाई पनि असर पार्ने गरी पशु बधशाला र पशु चिहान बनाउन नहुने ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो सम्बन्धमा स्थानीय आवश्यकताको आधारमा कार्यपालिकाले अन्य थप व्यवस्था गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम कार्यपालिकाले थप व्यवस्था गरेकोमा सो को सूचना स्थानीय राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम सूचना प्रकाशन नभएसम्म त्यस्तो व्यवस्था कार्यान्वयन गर्न गराउन पाइने छैन ।

१३. **चौपायाको व्यवस्थापन**: (१) चौपाया पाल्ने व्यक्ति, समुह, सहकारी वा कम्पनीले आफुले पालन गरेको जुनसुकै चौपायाको व्यवस्थापन गर्ने जिम्मेवारी त्यस्तो व्यक्ति, समुह, सहकारी वा कम्पनीको हुनेछ ।

(२) चौपाया पाल्ने व्यक्ति, समुह, सहकारी वा कम्पनीले आफुले पालन गरेको जुनसुकै चौपाया सार्वजनिक स्थानमा छाडा छाड्न पाईने छैन ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि चौपाया पाल्ने व्यक्ति, समुह, सहकारी वा कम्पनीले आफ्नो नियन्त्रणमा राखी चराउन वा डुलाउन भने सक्नेछ ।

(४) उपदफा (३) बमोजिम गर्दा सोहि कारणले कसैको पनि हानी नोक्सानी हुने, असर पर्ने र वातावरण विग्रने गरी गर्नु हुदैन ।

## परिच्छेद -३

## स्थानीय कृषि बाली तथा पशुपन्छि पालन व्यवसाय सम्बन्धि व्यवस्था

१४. **स्थानीय कृषि उपज तथा पशुपन्छी प्रवर्धन** : (१) गाउँपालिका क्षेत्रमा परम्परागत रूपमा उत्पादन हुने स्थानीय कृषि उपज र पशुपन्छी संरक्षण, उत्पादन, व्यवसायीकरण, प्रवर्धन र विस्तारका लागि गाउँपालिकाले विशेष कार्यक्रम सञ्चालन गर्नेछ ।

(२) गाउँपालिकाले स्थानीय कृषि बाली र पशुपन्छी प्रवर्धन गर्न आवश्यकता अनुसार देहाय अनुसारको विषय क्षेत्रमा बिशेष कार्यक्रम सञ्चालन गर्न सक्नेछ;-

(क) जमिन व्यवस्थापन तथा उर्वराशक्ति संरक्षण,

(ख) प्राङ्गारिक मल तथा कम्पोस्ट उत्पादन,

(ग) सिंचाइ प्रविधि तथा जलस्रोत व्यवस्थापन,

(घ) कृषि यान्त्रिकरण,

(ङ) स्थानीय बीउ/विजन संरक्षण,

(च) नर्सरी तथा बाली सुरक्षा,

(छ) कृषिवन तथा नगदे बाली प्रवर्धन,

(ज) फलफुल, मौरी, च्याउ उत्पादन तथा बहुउद्देशीय कृषि,

(झ) पशुपालन, आहारा, रोग व्यवस्थापन तथा कृषि पशु बीमा,

(ञ) कृषि बजार तथासंकलन केन्द्रव्यवस्थापन,

(ट) तोकिए वमोजिमका अन्य कार्य ।

(३) गाउँपालिकाले स्थानिय तथा परम्परागत ज्ञान र सिपको प्रयोग गरी पर्यावरणीय कृषि पद्धति मार्फत स्थानीय कृषि तथा पशुपंक्षी उत्पादन, स्थानीय स्तरमा नै खपत, दिगो बजारीकरण, संरक्षण तथा प्रबर्धनको कार्य गर्नु पर्नेछ ।

(४) गाउँपालिकाले स्थानिय कृषि तथा पशुपंक्षी प्रजातीहरुको दिगो उत्पादन, बजारीकरण तथा संरक्षण गरी गाँउपालिकालाई खाद्य सुरक्षामा आत्मनिर्भर बनाउन तथा समूदायको आर्थिक तथा समाजिक सम्बृद्धिमा टेवा पुर्याउन स्थानीय कृषि तथा पशुपंक्षीहरुको दिगो उत्पादन, बजारीकरण तथा संरक्षणमा आवश्यक अध्ययन र अनुसन्धानको कार्य गर्नेछ ।

(५) स्थानीय कृषि उपज तथा पशुपन्छीको संरक्षण, प्रवर्धन, व्यवसायीकरण तथा विस्तारका लागि यस ऐन बमोजिम स्थापना हुने सहकारी संस्था, कृषि समूह वा कृषि व्यवसायले यस ऐन र यस ऐन बमोजिम वनेको नियमावली, कार्यविधि, निर्देशिका र मापदण्डको अधिनमा रही कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

१५. **<u>जमिन परीक्षण तथा व्यवस्थापन</u>** : (१) गाउँपालिकाले स्थानीय कृषि उपज र पशुपन्छी उत्पादन र संरक्षणका लागि देहाय अनुसारका कार्य गर्नेछ;-

(क) जमिनको गुणस्तर परीक्षण,

(ख) जमिन परिक्षण सीवीर सन्चालान,

(ग) जमिनको परीक्षण सम्बन्धि तालिम सञ्चालन,

(घ) जमिन सुधार कार्यक्रम,

(ङ) तोकिए वमोजिमका अन्य कार्य ।

(२) जमिनपरीक्षण तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए वमोजिम हुनेछ ।

१६. **<u>सिंचाइ प्रविधि व्यवस्थापन</u>** : (१) गाउँपालिकाले सिंचाई व्यवस्थापनका लागि देहाय अनुसारका कार्यहरू गर्न गराउन सक्नेछ;-

(क) सिंचाइका लागि जलस्रोत (मुहान) संरक्षण व्यवस्थापन,

(ख) सिंचाइका लागि पोलिपाइप टोलस्तरमा वितरण,

(ग) सिंचाइका लागि सामुदायिक पोखरी निर्माण,

(घ) नर्सरी तथा करेसाबारीका लागि सूक्ष्म सिंचाइ प्रविधि प्रवर्धन तथा व्यवस्थापन,

(ङ) तोकिए बमिजमका अन्य कार्य ।

(२) उपदफा (१) वमोजिमका कार्यहरुका लागि गाउँपालिकाले आवश्यकता अनुसार प्रोत्साहन तथा अनुदान सहायता उपलब्ध गराउन सक्नेछ ।

(३) सिचाई प्राविधि व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१७. **कृषि यान्त्रीकरण प्रवर्द्धन** : (१) स्थानीय कृषि उपज तथा पशुपन्छीकोउत्पादनप्रवर्धन गर्न गाउँपालिकाले कृषकलाई कृषि यान्त्रीक मेसिन लगायतका यान्त्रिक उपकरणमा अनुदान वा प्रोत्साहनको व्यवस्था गर्न सक्नेछ ।

(२) कृषि यान्त्रीकरण प्रवर्द्धन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१८. **स्थानीय बीउ संरक्षण तथा प्रबन्ध** : (१) गाउँपालिकाले स्थानीय बीउ संरक्षण तथा प्रबन्धका लागि देहाय अनुसारको कार्य गर्न सक्नेछ;-

(क) स्थानीय बीउ छनोट, उपचार तथा भण्डारण,

(ख) स्थानीय बीउ छनोट, उपचार तथा भण्डारण तालिमको व्यवस्था,

(ग) सामुहिक बीउ भण्डारण प्रणाली स्थापना र व्यवस्थापन,

(घ) बहुउद्देश्यीय नर्सरी, प्लास्टिक टनेल तथा ग्रीनहाउस प्रवर्धन,

(ङ) स्थानीय बीउमा आवश्यक अनुदानको व्यवस्था ।

(२) स्थानीय स्थानीय बीउ संरक्षण तथा प्रबन्ध सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१९. **नर्सरी तथा बाली सुरक्षा** : (१) गाउँपालिकाले नर्सरी तथा बाली सुरक्षाका लागि देहाय अनुसारको कार्य गर्न सक्नेछ;-

(क) बहुउद्देश्यीय नर्सरी स्थापन,

(ख)प्लास्टिक टनेल, ग्रीन हाउस,

(ग)स्थानीय बाली सुरक्षा तालिम तथा जनचेतना कार्यक्रम सञ्चालन,

(घ)स्थानीय बाली सुरक्षाका विधिहरुको बारेमा तालिम तथा जनचेतना,

(ङ)स्थानीय कृषि, फलफुल, तरकारीको नर्सरी तथा तरकारी बाली सुरक्षाका लागि प्लास्टिक टनेल, ग्रीन हाउसको व्यवस्था,

(च)तोकिए बमोजिमका अन्य कार्य ।

(२) नर्सरी तथा बाली सुरक्षा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२०. **कृषि वन कार्यक्रम** : (१) गाउँपालिकाले कृषि वन प्रविधि, गरा सुधार, तथा बहुउद्देश्यीय वृक्षारोपणलाई प्रवर्धन गर्न देहाय अनुसारको कार्य गर्न सक्नेछ ।

(क) कृषि वन कार्यक्रम सञ्चालन,

(ख) कृषि वन कार्यक्रम प्रर्वधनका लागि तालिम,

(ग) गरा सुधार कार्यक्रम सञ्चालन,

(घ) गरा सुधारका लागि आवश्यक तालिम,

(ङ) बहुउद्देश्यीय वृक्षारोपण कार्यक्रम ।

(२) कृषि वन प्रविधि, गरा सुधार, तथा बहुउद्देश्यीय वृक्षारोपणलाई प्रवर्धन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२१.**<u>स्थानीय बालीहरुको प्रवर्धन विशेष कार्यक्रम</u>** : (१)गाउँपालिकाले स्थानीय स्थानीय बालीहरुको प्रवर्धनका लागि देहाय अनुसार कार्य गर्नेछ;-

(क) गाउँपालिकाभित्रका विद्यालयमा स्थानीय बालीहरुको दिवाको खाजाको व्यवस्था गर्ने,

(ख) गाउँपालिकाभित्रका सरकारी तथा गैर सरकारी सस्थाहरुमा स्थानिय उत्पादित वस्तुहरुको उपयोगका लागि प्रेरित गर्ने,

(ग) स्थानीय खाने कुराको प्रयोग बारे जनचेतना जगाउने प्रचार प्रसारका सामाग्रीहरु बनाउने, प्रशारण गर्ने,

(२) गाउँपालिकाले स्थानीय स्थानीय बालीहरुको समर्थन मूल्य तोक्ने, ढुवानी अनुदान, भण्डारण तथा ग्रेडिङ सम्बन्धी कार्यहरू गर्नेछ ।

(३) यस दफामा लेखिए बाहेक स्थानीय बालीहरुको प्रवर्धन विशेष कार्यक्रम सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२२. **<u>स्थानीय बालीमा अनुदानको व्यवस्था</u>** : (१) स्थानीय बाली उत्पादक किसान वा समूहलाई गाउँपालिकाले उत्पादन प्रोत्साहन अनुदान दिन सक्नेछ ।

(२) स्थानीय बाली उत्पादक किसान वा समूहलाई उत्पादन प्रोत्साहन अनुदान दिदा देहाय अनुसारका विषय क्षेत्रमा दिन सकिनेछ;-

(क) स्थानीय बिउ बिजन खरिद गर्न,

(ख) स्थानीय उत्पादन खरिद गर्न,

(ग) स्थानीय उत्पादन भण्डारण गर्न,

(घ) स्थानीय उत्पादनको बजार व्यवस्थापनका लागि,

(ङ) स्थानीय वाली उत्पादनका लागि कोषस्थापना गर्न,

(च) स्थानीय बालीबाट बनाइने खाद्य सामग्री उत्पादन गर्न,

(छ) स्थानीय बालीबाट बनाइने खाद्य सामग्री उत्पादन तालिम कार्यक्रम सञ्चालन गर्न,

(ज) स्थानीय जातका पशु पालन गर्न,

(झ) तोकिए वमोजिमका अन्य कार्य गर्न ।

(२) किसानहरुले उत्पादन गरेका स्थानीय कृषि उपजहरुको खरिद, भण्डारण र बजारीकरणमा सहयोग गर्न गाउँपालिकाले बिउँ पुजी उपलब्ध गराउन सक्नेछ ।

(३) गाउँपालिका क्षेत्रभित्रका विद्यालयमा दिवा खाजाको व्यवस्था गर्दा स्थानीय कृषि उपजको प्रयोगमा अनुदान दिन सकिनेछ ।

(४) गाँउपालिका क्षेत्रभित्रका सरकारी तथा अन्य संगठित सँस्थाहरुमा स्थानीय कृषि उपजको प्रयोगमा अनुदान दिन सकिनेछ ।

(५) स्थानीय खानेकुराको प्रयोग बारे जनचेतना जगाउने कार्य गर्न, प्रचार प्रसारका सामाग्रीहरु बनाउन, प्रचार प्रशार गर्न अनुदान दिन सकिनेछ ।

(६) स्थानीय बालीमा अनुदान सम्बन्धी अन्य व्यवस्था तोकिए वमोजिम हुनेछ ।

२३. **स्थानीय बाली तथा पशुपन्छीको ब्रान्डिङ** : (१) गाउँपालिका आफैंले वा कृषि सहकारी वा कृषक समूह मार्फत स्थानिय स्थानीय जातिका कृषि वाली उत्पादनहरु तथा पशुपन्छीको ब्रान्डिङ र लेबलिङ्ग गर्न सक्नेछ ।

(२) स्थानीय बाली तथा पशुपन्छीको ब्रान्डिङ सम्बन्धी अन्य व्यवस्था तोकिए वमोजिम हुनेछ ।

२४. **नगदे बाली प्रवर्धन तथा व्यवस्थापन** : (१) गाउँपालिकाले नगदे बाली प्रवर्धनका लागि उत्पादन, भण्डारण, बजारीकरण, तालिम, रोग, किरा नियन्त्रण तथा प्रशोधन लगायतका कार्यमा सहयोग गर्न सक्नेछ ।

(२) गाउँपालिकाले नगदे बाली प्रवर्धन तथा व्यवस्थापनका लागि देहाय अनुसारको कार्य गर्ने सक्नेछ;-

(क) अलैची उत्पादनमा देखिएका समस्या र रोग, किरानियन्त्रणका लागि किसानहरुलाई तालिमको व्यवस्था,

(ख) सिस्नु खेती प्रर्वधनका लागि आवश्यक तालिमको व्यवस्था,

(ग)सिस्नु खेती व्यवस्थापन तथा प्रशोधनको व्यवस्था ।

(३) नगदे बाली प्रवर्धन तथा व्यवस्थापन समबन्धमा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**स्पस्टिकरण** : यस ऐनको प्रयोजनका लागि नगदे वाली भन्नाले अलैंची, सिस्नु, चिया, अदुवा, बेसार, कफि लगायतका नगद आर्जन गर्ने अन्य कृषि वालीलाई समेत सम्झनु पर्दछ ।

२५. **पशुधन व्यवस्थापन** : (१) गाउँपालिकाले पशुधन व्यवस्थापनका लागि देहाय अनुसारको कार्य गर्न सक्नेछ;-

(क) नश्ल सुधार व्यवस्थापन गर्ने,

(ख) स्थानीय तथा हिमाली क्षेत्र अनुकूलित पशुपालनलाई प्राथमिकता दिने,

(ग) पशुपालनबाट उत्पादित दुधलाई नौनी, घ्यु, छुर्पी, सेरगाम जस्ता वस्तुहरु उत्पादन गर्न प्रेरित गर्ने,

(घ) माथिल्लो क्षेत्रमा व्यवसायिक पशुपन्छी पालन प्रोत्साहन तथा कुनै जातको पशु पालन परिक्षण गर्ने,

(ङ) पशु आहार उत्पादन, गोठ खोर सुधार तथा निर्माण, प्रसोधन, नश्ल सुधार तथा मेसिन औजार ब्यवस्थापनमा अनुदान दिने,

(च) पशुपंक्षी तथा मत्स्य पालन, आहार उत्पादन, प्रसोधन  तथा मेसिन औजारको प्रयोग सम्बन्धी तालिम दिने,

(छ) चरन क्षेत्र/खर्क व्यवस्थापन, बाटो, गोठ सुधार तथा पानीको व्यवस्था गर्ने,

(ज) पशुधन बीमामा प्रिमियम अनुदान दिने,

(झ) पशुपालकहरुलाई प्रोत्साहन भत्ता वा पुरस्कार प्रदान गर्ने,

(ञ) पशु सुरक्षाका निम्ति लघु बिमा प्रिमियम अनुदान दिने,

(ट) निकासी हुने पशुजन्य बस्तुहरुको जाँच तथा पशुपन्छीको स्वास्थ्य जाँचको व्यवस्था गर्ने,

(ठ) पशु पालन सम्बन्धि पकेट प्याकेज कार्यक्रम सञ्चालन,

(ड) तोकिए वमोजिम अन्य कार्य ।

(ढ) पशुपंक्षीमा लाग्ने महामारी ब्यवस्थापन गर्ने,

(ण) पशुपंक्षीहरुमा लाग्ने बिभिन्न प्रकारका रोग उपचार गर्ने,

(त) पशुपंक्षीहरुको रोग पहिचान गर्न ल्याव व्यवस्थापन गर्ने,

(थ) पशुपंक्षीहरुको तथ्यांक संकल तथा अध्यवधिक गर्ने,

(द) कृषक भ्रमण तथा अवलोकनको व्यवस्था गर्ने,

(२) पशुधन व्यवस्थापन सम्बन्धमा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२६. **<u>पशुधन रोग तथा खोप व्यवस्थापन र बिमा</u>** : (१) गाउँपालिकाले पशु रोग पहिचान, खोपको व्यवस्थापन गर्नु पर्नेछ ।

(२) पशु रोग पहिचान, खोपको व्यवस्थापन र पशु बिमाका लागि गाउँपालिकाले देहाय अनुसारको कार्य गर्न सक्नेछ;-

(क) पशु रोग पहिचान तथा उपचार तालिम सञ्चालन,

(ख) पशु खोप बिशेष कार्यक्रम सञ्चालन,

(ग) नियमित पशु खोप कार्यक्रम,

(घ) कार्यपालिकाले तोके अनुसार पशुधन बीमा कार्यक्रम सञ्चालन,

(ङ) तोकिए वमोजिमका अन्य कार्य ।

(३) पशु रोग पहिचान, खोपको व्यवस्थापन र पशु बिमा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२७. **मल र कम्पोष्टिङको प्रावधान** : (१) गाउँपालिकाले स्थानीय वाली उत्पादनलाइ दिगो र दिर्घकालिन बनाउन प्राङ्गारिक मल र जैविक विषादीको प्रयोगलाई प्रोत्साहन गर्नु पर्नेछ ।

(२) उपदफा (१) वमोजिम प्राङ्गारिक मल र जैविक विषादीको प्रयोगलाई प्रोत्साहन गर्न गाउँपालिकाले देहायका कार्यहरु गर्न सक्नेछ; -

(क) प्राङ्गारिक मल र जैविक विषादी तयारी सम्बन्धीतालिमको व्यवस्था गर्न,

(ख) प्राङ्गारिक मल तयारीको लागि आवश्यक सामाग्रीको व्यवस्था र वितरण गर्न,

(ग) प्राङ्गारिक मल उत्पादनमा अनुदानको ब्यवस्था गर्न,

(घ) प्राङ्गारिक मल तथा जैविक विषादी उत्पादनका लागि स्थानीय जनशक्ति विकास गर्न ।

(३) कम्पोस्ट मल, प्राङ्गारिक मल र जैविक बिषादी उत्पादनमा तोकिए अनुसारको अनुदान दिन सकिनेछ ।

(४) प्राङ्गारिक मल उत्पादनको लागतमा गाउँपालिकाले तोकिए बमोजिम कृषि अनुदान रकम उपलब्ध गराउन सक्नेछ ।

(५) मल र कम्पोष्टिङको प्रावधान सम्बन्धी अन्य व्यव्यस्था तोकिए वमोजिम हुनेछ ।

२८. **फलफुल खेती उत्पादन**: (१) गाउँपालिकाले हिमाली क्षेत्रमा पाइने स्थानीय फलफुल खेतीको व्यवसायिक उत्पादनलाई प्रोत्साहन गर्नु पर्नेछ ।

(२) उपदफा (१) वमोजिम हिमाली क्षेत्रमा पाइने स्थानीय फलफुल खेतीको व्यवसायिक उत्पादनलाई प्रोत्साहन गर्न गाउँपालिकाले देहायका कार्यहरु गर्न सक्नेछ;-

(क) बैकल्पिक खेती तथा व्यवसाय प्रवर्धन,

(ख) एकिकृत कृषि तथा फलफुल संकलन केन्द्रको स्थापना,

(ग) सकंलन केन्द्रको भवन निर्माण,

(घ) कृषि तथा फलफुल जन्य उत्पादनका लागि ढुवानी अनुदान,

(ङ) उत्पादित बस्तुहरुको समर्थन मूल्य निर्धारण,

(च) व्यवसायिक फलफुल खेती प्रोत्साहनका लागि अनुदान दिन,

(छ) उत्पादित बस्तुहरुलाई ग्रेडिङ गरी उचित भण्डारणको व्यवस्था मिलाउन,

(ज) तोकिए वमोजिमका अन्य कार्य गर्न ।

(३) हिमाली क्षेत्रमा पाइने स्थानीय फलफुल खेतीको व्यवसायिक उत्पादन सम्बन्धी अन्य व्यवस्था तोकिए वमोजिम हुनेछ ।

२९. **<u>खाद्य परिकार विविधिकरण</u>** : (१) गाउँपालिकाले स्थानिय स्थानीय कृषि उपज प्रसोधनका लागि लघुउद्यम सञ्चालनमा प्रोत्साहन गर्नु पर्नेछ ।

(२) उपदफा (१) वमोजिम स्थानिय स्थानीय कृषि उपज प्रसोधनका लागि लघुउद्यम सञ्चालनमा प्रोत्साहन गर्न गाउँपालिकाले देहायका कार्यहरु गर्न सक्नेछ;-

(क) उद्यम विकाशको सम्भाव्यता अध्यन्न,

(ख) सम्भावित उद्यम स्थापनाका लागि स्टार्टअप तालिम सञ्चालन,

(ग) उद्यम स्थापना र सञ्चालनका लागि बिउ पुँजी अनुदान दिन,

(घ) उद्यम स्थापना, सञ्चालन र व्यवस्थापन तालिम सञ्चालन,

(ङ) उत्पादित वस्तुको ब्रान्डिङ, लेबलिङ्ग र बजारीकरण,

(च) तोकिए वमोजिम अन्य कार्य ।

(३) स्थानिय स्थानीय कृषि उपज प्रसोधनका लागि लघुउद्यम सञ्चालनमा प्रोत्साहन सम्बन्धी अन्य व्यवस्था तोकिए वमोजिम हुनेछ ।

३०. **<u>भु-उपयोग नीतिको अवलम्वन</u>** : (१)स्थानिय कृषि उपज उत्पादनका लागि भुमि बर्गिकरण गरी सोहि वामोजिम हुने गरी उपयुक्त भु-उपयोग नीतिको अवलम्वन गर्नु पर्नेछ ।

(२) उपदफा (१)बमोजिम भूमिको वर्गीकरण गर्दा प्रचलित कानूनको अधिमा रही कम्तिमा पनि देहाय अनुसारको वर्गीकरण गर्नु पर्नेछ;-

(क) कृषि क्षेत्र,

(ख) आवासीय क्षेत्र,

(ग) वन क्षेत्र,

(घ) चरन क्षेत्र,

(ङ) औद्योगिक क्षेत्र,

(च) खानी तथा खनिज क्षेत्र,

(छ) व्यापारिक क्षेत्र,

(ज) तोकी वमोजिमका अन्य क्षेत्र ।

(३) कृषि क्षेत्रको जमिन कृषि उत्पादनका लागि प्रयोगमा प्रोत्साहन गर्न गाउँपालिकाले विशेष अनुदान प्रदान गर्न सक्नेछ ।

(४) भुमि बर्गिकरण र भु-उपयोग सम्बन्धि अन्य व्यवस्था तोकिए वमोजिम हुनेछ ।

## परिच्छेद -४

## व्यवसाय दर्ता र खारेजी

३१. **व्यवसाय दर्ता गर्नु पर्ने**ः(१) यस ऐन बमोजिम कृषि, पशुपन्छी पालन वा कृषि व्यवसाय सञ्चालन गर्न चाहने कुनै पनि व्यक्ति, एजेण्ट, समुह, सहकारी वा कम्पनीले गाउँपालिकामा व्यवसाय दर्ता नगरी व्यवसाय सञ्चालन गर्नु हुदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित नेपाल कानुन बमोजिम संघ, प्रदेश वा स्थानीय तहमा दर्ता भएका सहकारी वा कम्पनिले गाउँपालिकामा सुचिकृत भई व्यवसाय सञ्चालन गर्न सक्नेछन ।

(३) उपदफा (१) वा (२) बमोजिम व्यवसाय दर्ता वा सुचिकरण गर्ने जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारीको हुनेछ ।

(४) यस दफा बमोजिम गाउँपालिकामा दर्ता वा सुचिकृत भएका कृषि व्यवसाय प्रत्येक वर्ष असार मसान्तभित्र नवीकरण गर्नु पर्नेछ ।

(५) व्यवसाय दर्ता वा सुचिकरण र नवीकरण शुल्क गाउँसभाले तोके बमोजिम हुनेछ ।

(६) व्यवसाय दर्ता वा सुचिकरण र नवीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३२. **व्यवसायदर्ता प्रक्रिया**ः(१) यस ऐन बमोजिम कृषि व्यवसाय गर्न चाहने व्यक्ति, एजेण्ट, समुह, सहकारी वा कम्पनीले दफा ३१ बमोजिम दर्ता वा सुचिकृत हुनका लागि तोकिए बमोजिमको ढाँचामा गाउँपालिकामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दर्ता वा सुचिकृतको निवेदन पर्न आएमा दर्ता वा सुचिकृत गर्न अधिकार प्राप्त अधिकारीले ७ (सात) दिनभित्र आवश्यक जाँचबुझ गरी तोकिएको ढाँचामा दर्ता वा सूचिकृत प्रमाणपत्र दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम पर्न आएको निवेदन जाँच गर्दा दर्ता गर्न नमिल्ने देखिएमा सम्बन्धित व्यक्ति, एजेण्ट, समुह, सहकारी वा कम्पनीलाई ७ (सात) दिनभित्र लिखित जानकारी दिनुपर्नेछ ।

३३. **<u>दर्ता खारेजी</u>**ः (१) देहायको अवस्थामा दर्ता वा सुचिकृत भएको कृषि व्यवसायको दर्ता वा सुचिकरण खारेजी हुनेछ;-

(क) तीन वर्ष सम्म नविकरण नगरेमा,

(ख) यस ऐनको विपरित हुने गरी व्यवसाय सञ्चालन गरे गराएमा,

(ग) आम्दानी तथा खर्चको लेखा परिक्षण नगराएमा,

(घ) अनुमति लिएको भन्दा फरक स्थान र मापदण्ड विपरित व्यवसाय सञ्चालन गरेमा,

(ङ) अरुलाई असर पार्ने गरी व्यवसाय सञ्चालन गरेमा,

(च) गाउँपालिकाले सुधारका लागि दिएको निर्देशन तीन पटक भन्दा बढी उल्लंघन गरेमा ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दर्ता खारेजी सम्बन्धमा स्थानीय आवश्यकताको आधारमा कार्यपालिकाले अन्य थप व्यवस्था गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम कार्यपालिकाले थप व्यवस्था गरेकोमा सो को सूचना स्थानीय राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम सूचना प्रकाशन नभएसम्म त्यस्तो व्यवस्था कार्यान्वयन गर्न गराउन पाइने छैन ।

(५) यस दफा बमोजिम दर्ता वा सूचीकरण खारेज गर्ने निर्णय गर्नु पूर्व सम्बन्धित व्यक्ति, एजेण्ट, समुह, सहकारी वा कम्पनीलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

३४. **<u>निर्देशन दिन सक्ने</u>** ः (१) कसैले यस ऐनको व्यवस्था विपरीत पशुपन्छी उत्पादन तथा व्यवस्थापनको कार्य गरेको भनी उजुर परेमा वा गाउँपालिकालाई जानकारी हुन आएमा अनुमति लिएको ठाँउमा वा मापदण्ड भित्र रहि व्यवसाय सञ्चालन गर्नु भनी गाउँपालिकाले लिखित निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्देशन दिंदा बढीमा ३५ दिनको अवधि तोकी सो अवधिभित्र निर्देशन बमोजिम गर्न गराउन समेत निर्देशन गर्नु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम दिएको निर्देशनको पालना गर्नु सम्बन्धित व्यक्ति, एजेण्ट, समुह, सहकारी वा कम्पनीको कर्तव्य हुनेछ ।

(४) उपदफा (१) र (२) बमोजिम दिइएको निर्देशन पालना नगरेमा दर्ता अधिकारीले दर्ता वा सूचीकरण खारेज गर्न सक्नेछ ।

३५. **<u>कर नीति</u>**ः(१) व्यवसायिक कृषि उत्पादनका लागि गाउँपालिकाले आर्थिक ऐनमा व्यवस्था गरी बिशेष छुटको व्यवस्था गर्न सक्नेछ ।

(२) कर सम्बन्धी सर्वमान्य सिद्धान्त असर नपर्ने गरी कृषि वा पशुपन्छी व्यवसायका लागि कार्यपालिकाले देहाय अनुसार हुने गरी व्यवस्था गर्न सक्नेछ;-

(क) स्थानीय कर तथा निकासीमा कर छुट,

(ख) विमाको प्रिमियममा ७५ देखि १०० प्रतिशतसम्म अनुदान,

(ग) निःशुल्क पार्किङ्ग सुविधा,

(घ) सिफारिस दस्तुरमा ५० प्रतिशतसम्म छुट,

(ङ) व्यवसाय करमा तोकिएको प्रतिशतमा छुट,

(च) अन्य बिशेष अनुदान तथा सुविधा ।

(३) गाउँपालिकाले कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धी प्रविधि प्रयोग र विस्तारमा अनुदान दिन सक्नेछ ।

**उदाहरण**ः ढुवानी साधन, यान्त्रिक उपकरण आदिमा अनुदान ।

(४) उपदफा (३) बमोजिम दिइने छुट तथा अनुदान सुविधाहरू तोकिए बमोजिम हुनेछ ।

(५) उपदफा (३) बमोजिम दिइने सुविधाको अतिरिक्त अन्य सुविधा समितिको सिफारिसमा कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(६) गाउँसभा वागाउँकार्यपालिकाले समयसमयमा कर नीतिलाई परिवर्तन गर्न सक्नेछ ।

३६. **विगठित फर्म वा कम्पनीको सम्पत्ती**ः(१) यस ऐन बमोजिम दर्ता वा सुचिकृत भएको व्यवसाय दर्ता खारेज भई वा अन्य कुनै तरिकाले विगठन भएमा सम्पूर्ण दायित्व सन्चालकको हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो व्यवसाय सहकारी संस्था वा लिमिटेड कम्पनी वा सामुदायिक संस्थाहरु वा त्यस्ता संस्थाको समूहले सञ्चालन गरेको भएमा गाउँपालिकाले प्रचलित कानून बमोजिम लिक्विडेटर तोकी विगठनको प्रक्रिया सम्पन्न गर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रक्रिया अपनाई विगठन हुने भएमा पहिले व्यवसायले भुक्तान गर्नु पर्ने दायित्व भुक्तानी गरी सो पछि त्यस्तो व्यवसायमा लगानी गर्ने सर्व साधारणको लगानी फिर्ता गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको लगानी फिर्ता गरे पछि मात्र अन्यको लगानी फिर्ता हुनेछ ।

(५) सम्पूर्ण फरफारक सकिए पछि रहन आएको सम्पति ५० (पचास) प्रतिशत गाउँपालिकाको स्थानीय संचित कोषमा जम्मा गरी बाँकी ५० (पचास) प्रतिशत लगानीकर्तालाई मुनाफाको रूपमा बितरण गर्नु पर्नेछ ।

३७. **घाटा नाफा बहन गर्नुपर्ने**ः सहकारी संस्था वा लिमिटेड कम्पनी वा सामुदायिक संस्था वा त्यस्ता संस्थाहरुको समूह बाहेक अन्य व्यवसायिक फर्म, उद्योग, वा कम्पनीहरु विगठन हुदा नाफा घाटा शेयर सदस्यले बहन गर्नुपर्नेछ ।

## परिच्छेद -५

## कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्धन सम्बन्धि व्यवस्था

३८. **स्थानीय प्रजातिको संरक्षण** : (१) गाउँपालिकाले स्थानिय प्रजातिको संरक्षणको लागि संघ र प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा कार्य गर्नेछ ।

(२) गाउँपालिकाले स्थानिय प्रजातिको संरक्षणको लागि संघ र प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा देहायका कार्य गर्ने गराउनेछ,-

(क) स्थानीय प्रजातिका अन्नवाली, तरकारीबाली, बिऊ विजन, फलफुल तथा कन्दमूल एवं पशुपन्छीहरुको उत्पादन, संरक्षण र सम्वर्धनका लागि प्रोत्साहन गर्ने,

(ख) स्थानिय प्रजातिहरुको अध्ययन अनुसन्धानलाई प्रोत्साहित गर्ने,

(ग) स्थानिय प्रजातिहरुको अध्ययन भई प्रतिवेदनले सिफारिस गरेका कार्यहरू र स्थानीय प्रजातिको संरक्षण गर्ने गराउने,

(घ) स्थानिय प्रजातिहरुको सूचीकृत गरी अभिलेखिकरण गर्ने,

(ङ) सूचिकृत गरिएका विषयलाई वौद्धिक सम्पत्तिको रुपमा संरक्षण गर्ने ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय प्रजातिको संरक्षण सम्बन्धमा स्थानीय आवश्यकताको आधारमा कार्यपालिकाले अन्य थप व्यवस्था गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम कार्यपालिकाले थप व्यवस्था गरेकोमा सो को सूचना स्थानीय राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम सूचना प्रकाशन नभएसम्म त्यस्तो व्यवस्था कार्यान्वयन गर्न गराउन पाइने छैन ।

३९. **निर्धारित क्षेत्रको लागि सहायता र सहयोग**ः (१) दफा ४ बमोजिम निर्धारित क्षेत्रको लागि गाउँपालिकाले देहाय बमोजिमको सहायता र सहयोग गर्न सक्नेछ;-

(क) सडक निर्माण,

(ख) विद्युत सुविधा प्रवाह,

(ग) सिँचाई प्रवन्ध,

(घ) भण्डारण सुविधा,

(ङ) तालिम तथा औजार, उपकरण सहायता र उपलव्धता,

(च) ज्ञान, सीप, प्रविधिको पहुँच तथा विकास,

(छ) अध्ययन अवलोकन भ्रमण,

(ज) प्राविधिक तथा विशेषज्ञ सेवा,

(झ) माटोको परिक्षण सम्वन्धी सुविधा ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निर्धारित क्षेत्रको सहयोग र सहायता सम्बन्धमा स्थानीय आवश्यकताको आधारमा कार्यपालिकाले अन्य थप व्यवस्था गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम कार्यपालिकाले थप व्यवस्था गरेकोमा सो को सूचना स्थानीय राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम सूचना प्रकाशन नभएसम्म त्यस्तो व्यवस्था कार्यान्वयन गर्न गराउन पाइने छैन ।

४०. **कृषि ऋण**ः (१) कृषि वस्तु उत्पादन वा प्रवर्धन वा बजारीकरण वा पूर्वाधार बिकास निर्माणका लागि गाउँपालिका वा अन्य वित्तीय संस्थाबाट प्रचलित कानून बमोजिम व्यवसायिक कृषि ऋण उपलब्ध गराउन सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको ऋण उपलब्ध गराउने प्रयोजनका लागि गाउँपालिकाले छुट्टै कोषको स्थापना वा कुनै वित्तीय संस्थासँग सम्झौता गरी व्यवस्था गर्न सक्नेछ ।

(३) कृषि ऋण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४१. **कृषि तथा पशुपन्छी व्यसाय प्रवर्धन समित**ः (१)कृषि क्षेत्रको समग्र विकास, प्रवर्द्धन, व्यवसायीकरण लगायतका कार्य गर्न गाउँपालिका स्तरमा एक कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्धन समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोमिजका सदस्यहरू रहने छन्;-

(क) गाउँपालिका अध्यक्ष - संयोजक,

(ख) उपाध्यक्ष-सदस्य

(ग) कृषि, पर्यटन, पुर्वधार तथा प्राकृतिक श्रोत समिति संयोजक -सदस्य,

(घ) प्रमुख प्रशासकीय अधिकृत -सदस्य,

(ङ) गाउँपालिकास्तरीय खाद्य सुरक्षा समितिको संयोजक वा प्रमुख -सदस्य,

(च) समितिले मनोनयन गरेको विज्ञ सदस्य एक जना — सदस्य,

(छ) समितिले मनोनयन गरेको व्यवसायिक किसान मध्ये एक जना कृषि व्यवसायिक किसान-सदस्य,

(ज) समितिले मनोनयन गरेको व्यवसायिक किसान मध्ये एक जना पशुपंक्षी पालक व्यवसायिक किसान-सदस्य,

(झ) टोलविकास संस्थाका प्रतिनिधिमध्ये समितिले मनोनयन गरेको एक जना महिला सहित दुई जना - सदस्य ,

(ञ) गाउँपालिकाको कृषि/पशुपन्छी शाखा प्रमुख - सदस्य सचिव

(३) समितिले सम्बन्धित क्षेत्रको विशेषज्ञ तथा अन्य व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) समितिले यस ऐनको उद्देश्य कार्यान्वयन गर्न आवश्यकता अनुसार विभिन्न उप-समितिहरू गठन गर्न सक्नेछ ।

(६) समितिको सचिवालय गाउँपालिकाको कृषि/ पशु विकास क्षेत्र हेर्ने विभाग, शाखामा रहनेछ ।

(७) समितिका सदस्यले बैठक बस्दा कार्यपालिका सदस्यले पाए सरहको बैठक भत्ता पाउनेछन् ।

४२. **समितिको काम, कर्तव्य र अधिकार**ः समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ;-

(क) स्थानीयस्तरमा कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन गर्न आवश्यक नीति तथा योजना तर्जुमा गर्ने,

(ख) कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन गर्न संघीय तथा प्रादेशिक निकायसँग समन्वय र सहकार्य गर्ने,

(ग) कृषि तथा पशुपन्छी व्यवसायको प्रवर्द्धन गर्ने सम्बन्धमा आवश्यक कार्य गर्ने,

(घ) कृषि तथा पशुपन्छी व्यवसायको प्रवर्द्धन गर्ने सम्बन्धमा कार्यक्रम सञ्चालन गर्ने,

(ङ) कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन गर्न आवश्यक पर्ने सीप, प्रविधि तथा अन्य आवश्यक विषयको उचित व्यवस्था गर्न प्रवर्द्धनात्मक कार्यहरू गर्ने,

(च) कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन कोषको सञ्चालन गर्ने,

(छ) यस ऐन वमोजिमको गाउँपालिकाले गर्नु पर्ने कार्यहरुको कार्यान्वयन, अनुगमन, मुल्यांकन र प्रतिवेदन गर्ने,

(ज) तोकिए बमोजिमको अन्य आवश्यक कार्य गर्ने ।

४३. **<u>बिषयगत समिति बनाउने सक्ने</u>**: (१) कृषि क्षेत्रको समग्र विकास तथा प्रवर्द्धन लगायतका क्षेत्रमा कार्य गर्नका लागि समितिले देहाय अनुसारको कृषि बिकास उपसमिति गठन गर्न सक्नेछ ।

(क) कृषिक्षेत्र हेर्ने समितिको संयोजक— संयोजक

(ख) कार्यपालिका अन्तर्गत गठित आर्थिक बिकास समितिको संयोजक - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारी -सदस्य

(घ) समितिले मनोनयन गरेको व्यवसायिक किसानमध्ये एक जना - सदस्य

(ङ) गाउँपालिकाको कृषि तथा पशुपंक्षी बिकास शाखाको प्रमुख मध्ये १ जना - सदस्य सचिव

(२) पशुपन्छी क्षेत्रको समग्र विकास तथा प्रवर्द्धन लगायतका क्षेत्रमा कार्य गर्नका लागि समितिले देहाय अनुसारको पशुपन्छी बिकास उपसमिति गठन गर्न सक्नेछ ।

(क) पशुपन्छी क्षेत्र हेर्ने समितिको संयोजक -संयोजक

(ख) कार्यपालिका अन्तर्गत गठित आर्थिक बिकास समितिको संयोजक - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारी -सदस्य

(घ) समितिले मनोनयन गरेको व्यवसायिक किसानमध्ये एक जना - सदस्य

(ङ) गाउँपालिकाको पशुपन्छी शाखा प्रमुख - सदस्य सचिव

(३) यस दफा बमोजिम गठन हुने उपसमितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(४) यस दफा बमोजिम गठन हुने उपसमितिको सचिवालयको काम सम्बन्धित शाखाले गर्ने छ ।

## परिच्छेद - ६

## कृषक समुह गठन र परिचालन सम्बन्धि व्यवस्था

४४. **कृषक समुहको गठनः** (१) वडा तहमा भौगोलिक तथा सामाजिक सामिप्यताको आधारमा तोकिएको चार किल्ला भित्रका स्थानीय कृषकहरुको आम भेलाबाट सहभागितामा कृषक समुहको गठन गर्न सकिनेछ ।

(२) उपदफा (१) वमोजिम गठनहुने कृषक समुहको आफ्नो छुट्टै बिधान हुनेछ ।

(३) कृषक समुहको विधान कार्यपालिकाले तोके बमोजिमको ढाँचामा तयार गर्नु पर्नेछ ।

४५. **कृषक समुह दर्ताः**(१) कृषक समुह दर्ताका लागि तोकिएको चार किल्लाभित्रका कृषकहरुको आम भेलाले निर्णय गरी कार्यालयमा तोकिएको ढाँचामा निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन दिंदा तोकिएको ढाँचामा संस्थाको विधानको दुई प्रति र तोकिएको दस्तुर सहित देहायका विवरण खुलाई दिनु पर्नेछ;-

(क) कृषक समुहको विधान,

(ख) आम भेलाको निर्णयको प्रतिलिपि,

(ग) सम्बन्धित वडा कार्यालयको सिफारिस,

(घ) समितिमा रहने पदाधिकारीहरूको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि,

(ङ) समुह दर्ता गर्ने बिषयमा कृषक समुहको निर्णय प्रतिलिपि,

(च) कृषक समुहको नाम,

(छ) कृषक समुहको उद्देश्य,

(ज) कार्य समितिका सदस्यहरूको नाम,

(झ) तोकिए वमोजिमको अन्य विवरण ।

(३) उपदफा (१) र (२) बमोजिम निवेदन दिदा समुहको बिधान समुहको कार्य समितिबाट स्वीकृत गरी कार्य समितिका सबै सदस्यले बिधानको प्रत्येक पेजको माथिल्लो र तल्लो भागमा सहि छाप गरेको हुनु पर्नेछ ।

(४) यस दफा वमोजिम कृषक समूह दर्ताका लागि निवेदन प्राप्त भए पछि गाउँपालिकाले समूह दर्ता गर्न मिल्ने नमिल्ने जाँच गरी मिल्ने भएमा समूह दर्ता गरी तोकिए बमोजिमको ढाँचामा कृषक समुह दर्ता गरेको प्रमाण पत्र उपलब्ध गराउनु पर्नेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कार्यालयले तोकिदिएको संख्या र क्षेत्रमा गठन भएको कृषक समुहमात्र दर्ता गरिनेछ ।

(६) यस ऐन विपरित हुने गरी कुनै कृषक समुह दर्ता गर्न दर्ता अधिकारी बाध्य हुनेछैन ।

४६. **कृषक समुहको कार्य समिति**ः (१) कृषक समुहको कार्य समितिको चयन समुहको विधानमा उल्लेख भए बमोजिम हुनेछ ।

(२) समुहको कार्य समितिमा अध्यक्ष, सचिव वा कोषाध्यक्ष मध्ये कुनै एक पदमा अनिवार्य रुपमा महिला चयन गर्ने गरी समुहको विधानमा व्यवस्था गर्नु पर्नेछ ।

(३) कृषक समुहको कार्य समितिमा कम्तीमा ३३ प्रतिशत महिला सदस्य हुनु पर्नेछ ।

४७. **सङ्गठित संस्था मानिने** :(१) यस ऐन अन्तर्गत दर्ता भएको कृषक समुह अविछिन्न उत्तराधिकार वाला स्वशासित र सङ्गठित संस्था हुनेछ ।

(२) संस्थाको सबै कामको निमित्त संस्थाको आफ्नो एउटा छाप हुनेछ ।

(३) संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र गाउँ कार्यपालिकाको अनुमति लिई बेचबिखन गर्न सक्नेछ ।

(४) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर तथा प्रतिवाद गर्न सक्नेछ र संस्था उपर पनि संस्थाको नामबाट नालिस उजुर लाग्नेछ ।

४८. **अघि दर्ता भई स्थापना भएका कृषक समुह सुचिकृत गर्नु पर्ने**ः(१) यो ऐन प्रारम्भ हुनु अघि तत्कालिन कानून बमोजिम सिलिचोङ गाउँपालिका क्षेत्रमा केन्द्रीय कार्यालय वा कार्यक्षेत्र रहेका कृषक समुहले यो ऐन प्रारम्भ भएको मितिले तीन महिना भित्र तोकिएको दस्तुर बुझाई कृषक समुह दर्ता वा सूचीकरण गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस अघि गठन र दर्ता भएका कृषक समुहहरूले पुन दर्ता गरि रहन पर्नेछैन ।

(३) यो ऐन प्रारम्भ हुनुभन्दा अघि तत्काल प्रचलित कानून बमोजिम अन्यत्र दर्ता भएको र सिलिचोङ गाउँपालिका क्षेत्रमा कार्य गर्दै आएका संस्थाहरुले यो ऐन प्रारम्भ भएको मितिले तीन महिनाभित्र यसै ऐन बमोजिम गाउँपालिकामा सुचिकृत भई सक्नु पर्नेछ ।

४९.**<u>नवीकरण गर्नु पर्ने</u>** :(१) आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र कृषक समुहले देहायका कागजातहरु संलग्न राखिसमुह नवीकरणका लागितोकिएको बमोजिमको ढाँचामा दर्ता अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

(क) लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि १ प्रति

(ख) सम्बन्धित वडा कार्यालयको सिफारिस

(ग) समुह दर्ताको सक्कलै प्रमाणपत्र

(घ) कार्य समितिको निर्णय प्रतिलिपि

(ङ) तोकिए वमोजिमका अन्य विवरण ।

(२) उपदफा (१) को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि कृषक समुहहरूले लेखापरीक्षण प्रतिवेदनको सट्टा सार्वजनिक परीक्षण प्रतिवेदन सहित निवेदन दिन सक्नेछन् ।

५०. **<u>गाउँपालिकाले अनुदान दिन सक्ने</u>**:(१) समुदायको आर्थिक विकासका लागि कृषि उत्पादन, बजारिकरण तथा उद्यमशीलता विकासका लागि गाउँपालिकाले कृषक समुहलाई आर्थिक अनुदान उपलब्ध गराउन सक्नेछ ।

(२) समुह लाई उपदफा (१) बमोजिम अनुदान उपलब्ध गराउँदा विनियोजन विधेयकमा रकम विनियिजन गरेर मात्र गराउन सकिनेछ ।

(३) समुहलाई यस दफा बमोजिम अनुदान उपलब्ध गराउने बिषय क्षेत्र र कार्यविधि सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५१. **<u>समन्वय समिति</u>**:(१) कृषक समुहको कामको अनुगमन तथा समीक्षा गरी पृष्ठपोषण प्रदान गर्न हरेक वडामा देहाय बमोजिमको कृषक समुह समन्वय समिति रहनेछ;-

(क) वडा अध्यक्ष - संयोजक,

(ख) वडा समितिका सदस्यहरू -सदस्य,

(ग) कृषक समुहका अध्यक्षहरू वा प्रतिनिधि मध्येबाट कम्तिमा दुई जना महिला सहित संयोजकले तोकेको बढीमा पाँच जना -सदस्य,

(घ) सम्बन्धित वडामा कार्यरत कृषि तथा पशु बिकास सम्बन्धि प्राबिधिक कर्मचारी -सदस्य सचिव,

(२) उपदफा (१) को खण्ड (ग) बमोजिमका सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ ।

(३) उपदफा (१) बमोजिमको समितिको बैठक कम्तीमा चार महिनामा एक पटक बस्नेछ ।

तर एक बैठक र अर्को बैठक बीच पाँच महिना भन्दा बढी अवधिको फरक हुने छैन ।

(४) उपदफा (१) बमोजिमको समितिले वडा भित्रका सबै समुहको काम कारबाहीलाईप्रभावकारी बनाउन कार्यसमितिलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(५) उपदफा (१) बमोजिमको समितिले आफ्नो काम कारबाहीको सम्बन्धमा वार्षिकप्रतिवेदन कार्यपालिकामा पेस गर्नु पर्नेछ।

(६) कृषक समुह वडा समन्वय समितको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

५२. <u>**कार्य समिति भङ्ग गर्न सक्ने**</u>:(१) सार्वजनिक सम्पत्तिको हिनामिना गर्ने, प्रचलित कानून बिपरित कार्य गर्ने तथा भ्रष्टाचार वा आर्थिक हिनामिना गरेको पाईएमा त्यस्तो कृषक समुहको कार्यसमितिलाई सम्बन्धित वडा समितिको सिफारिसमा कार्यपालिकाले भङ्ग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यसमिति भङ्ग गर्दा कार्यपालिकाले सम्बन्धित वडाको वडा सदस्यको संयोजकत्वमा कृषक समुह समन्वय समितिका पदाधिकारीहरू रहने गरि पाँच सदस्यीय प्रबन्ध समिति गठन गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम गठन भएको प्रबन्ध समितिले कृषक समुह भङ्ग भएको मितिले एक महिना भित्र समुहको विधान बमोजिम कृषक समुहको नयाँ कार्य समिति गठन गर्नु पर्नेछ ।

५३. <u>**समुहको विगठन र त्यसको परिणाम**</u> : (१) समुहको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवश समुह विगठन भएमा त्यस समुहको सम्पूर्ण जायजेथा गाउँपालिकाको हुनेछ ।

(२) उपनियम (१) बमोजिम विगठन भएको समूहको दायित्वको हकमा सो समूहकोजायजेथाले खामेसम्म त्यस्तादायित्व गाउँपालिकाले बेहोर्नेछ ।

५४.<u>**निर्देशन दिने**</u> : (१) गाउँपालिकाले कृषक समुहलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्ता निर्देशनको पालना गर्नु सम्बन्धित कृषक समुहको कर्तव्य हुनेछ ।

(२) सङ्घीय वा प्रदेश सरकारले कृषक समुहलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित समूहको कर्तव्य हुनेछ ।

## परिच्छेद - ६

## <u>कृषि पशुपन्छी व्यवसाय प्रवर्धन कोष र सो को सञ्चालन सम्बन्धि व्यवस्था</u>

५५. **कोषको स्थापना**: (१) कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्धन सम्बन्धी कार्य गाउँपालिका स्तरबाटै सञ्चालन गर्नका लागि आवश्यक स्रोत सङ्कलन र परिचालन गर्न गाउँपालिकामा एक कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्धन कोष रहनेछ ।

(२) कोषको आय रकम सङ्कलन तथा व्यय रकम परिचालनका लागि गाउँपालिकाको सञ्चित कोष रहेको वित्तीय संस्थामा एक छुट्टै खाता खोलिनेछ ।

(३) कोषमा यस ऐन बमोजिम हुने जरिवानाबाट प्राप्त हुने आय रकमको अतिरिक्त देहाय बमोजिमको रकम रहनेछ;-

(क) संघीय तथा प्रदेश सरकारबाट प्राप्त रकम,

(ख) गाउँपालिकाबाट प्राप्त रकम,

(ग) राष्ट्रिय संघ संस्थाबाट गाउँपालिकालाई प्राप्त रकम,

(घ) अन्तराष्ट्रिय संघ संस्थाबाट गाउँपालिकालाई प्राप्त रकम,

(ङ) यस ऐन बमोजिम भएको दण्ड जरिवाना वापत प्राप्त रकम,

(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(४) उपदफा (१) को खण्ड (घ) बमोजिमको रकम प्राप्त गर्नु अघि नेपाल सरकार अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

५६. **कोषको उद्देश्य**: (१) कोषको उद्देश्य देहाय अनुसार हुनेछ,-

(क) कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्धन तथा अनुगमन कार्यलाई नियमित गर्ने,

(ख) कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्धन अनुशिक्षण, सचेतना कार्यक्रम सञ्चालन व्यवस्थापन गर्ने,

(ग) कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्धन अनुदान उपलब्ध गराउने,

(घ) कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्धनका लागि प्रविधि उपलब्ध गाराउने,

(ङ) कृषि तथा पशुपन्छी व्यवसाय ऋण उपलब्ध गराउने,

(च) कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्धन र विकासका लागि पूर्वाधार निर्माण गर्ने,

(छ) यस ऐन वमोजिमको कार्यक्रम सन्चालन गर्न, अनुदान र सहयोग उपलब्ध गराउने,

(ज) तोकिए बमोजिम अन्य कार्य गर्ने ।

५७. **कोषको प्रयोगः** (१) कोषमा जम्मा भएको रकम समितिको निर्णयमा यस ऐन र प्रचलित कानून बमोजिम कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्धनको लागि खर्च गरिनेछ ।

(२) कोषमा जम्मा भएको रकम देहाय बमोजिमको कार्यमा खर्च गरिनेछ; -

(क) कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्धन अनुदान उपलब्ध गराउने,

(ख) कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्धनका लागि प्रविधि उपलब्ध गाराउने,

(ग) कृषि तथा पशुपन्छी व्यवसाय ऋण उपलब्ध गराउने,

(घ) कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्धन र विकासका लागि पूर्वाधार निर्माण गर्ने,

(ङ) कृषि तथा पशुपन्छी व्यवसाय व्यवस्थापन, अनुगमन र निरिक्षण गर्न,

(च) कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्धनको लागि उपकरण खरिद प्रणाली विकास र सोको सञ्चालन गर्न,

(छ) कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्धन स्वयम् सेवकहरूको विकास तथा परिचालन सम्बन्धी कार्य गर्न,

(ज) कृषि तथा पशुपन्छीवस्तु उत्पादन, बजार, मूल्य, गुणस्तर आदिको अध्ययन अनुसन्धान कार्य गर्न,

(झ) कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्धनका लागि अनुशिक्षण एवम् जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्न,

(ञ) कृषि तथा पशुपन्छी बजार, संकलन केन्द्र, भण्डारण स्थल लागायतका केन्द्र तथा भैतिक निर्माण र व्यवस्थापन कार्यमा ,

(ट) उत्कृष्ट कृषि तथा पशुपन्छी व्यवसाय संचालन गर्ने व्यक्ति, समुह, सहकारी वा कम्पनीलाई प्रोत्साहन वा पुरस्कार प्रदान गर्न,

(ठ) कृषि तथा पशुपन्छी व्यवसाय अनुगमन टोलीमा खटिएका ब्यक्तिहरूलाई तोकिए बमोजिमको खाजा खर्च तथा भत्ता उपलब्ध गराउन,

(ड) यस ऐन वमोजिमको कार्यक्रम सन्चालन गर्न, अनुदान र सहयोग उपलब्ध गराउन,

(ढ) समितिले तोके बमोजिमको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्धन सम्बन्धी  अन्य आवश्यक कार्य गर्न, गराउन ।

(३) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि नियमितरूपमा गरिने कृषि र पशुपालन विकास निर्माण सम्बन्धी कार्यलाई कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्धनसँग आवद्ध गराएर कोषबाट कुनै पनि किसिमको खर्च गर्न पाईने छैन ।

५८. **<u>कोष प्रयोग गर्न नपाईने</u>**ः (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको प्रयोजनका लागि कोषमा जम्मा भएको रकम खर्च गर्न पाईने छैन;-

(क) नियमित प्रशासनिक कार्यको लागि खर्च गर्न,

(ख) कुनै सरकारी वा गैरसरकारी पदाधिकारी वा कर्मचारीलाई नियमित रूपमा तलब, भत्ता वा अन्य सुविधा उपलब्ध गराउन,

(ग) कुनै सरकारी वा गैरसरकारी पदाधिकारी वा कर्मचारीलाई भ्रमण खर्च वा अन्य त्यस्तै प्रकारको खर्च उपलब्ध गराउन,

(घ) कृषि तथा पशुपन्छीव्यवसाय प्रवर्धन बाहेक अन्यको लागि कुनै पनि किसिमको चन्दा, पुरस्कार, उपहार वा आर्थिक सहायता उपलब्ध गराउन,

(ङ) आकस्मिक रूपमा निर्माण गर्नुपर्ने बाहेकका अन्य नियमित पूर्वाधार विकास निर्माण सम्बन्धी कार्य गर्नगराउन ।

५९. **<u>कोषको सञ्चालन</u>**ः (१) कोषको बैंक खाता सञ्चालन गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी र लेखा प्रमुख वा निजले तोकेको लेखाको कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

(२) कोषको रकम बैंकिङ प्रणाली मार्फत भुक्तानी गर्नु पर्नेछ ।

६०. **<u>कोषको आय व्ययको लेखा तथा सोको सार्वजनिकरण</u>**ः (१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) कोषले कार्यपालिकाले तोके बमोजिम आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ ।

(३) कोषको मासिक रूपमा भएको आम्दानी र खर्चको विवरण अर्को महिनाको सात गते भित्रमा सार्वजनिक गर्नुपर्नेछ ।

(४) आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र समितिले कोषको वार्षिक आय व्ययको विवरण समेत खुल्ने वार्षिक प्रतिवेदन तयार गरी कार्यपालिका मार्फत गाउँसभा समक्ष पेस गर्नु पर्नेछ ।

६१. **<u>कोषको लेखा परिक्षण</u>**ः (१) कोषको आन्तरिक लेखापरीक्षण गाउँपालिकाको आन्तरिक लेखा परिक्षण शाखाबाट हुनेछ ।

(२) कोषको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(३) कार्यपालिकाले चाहेमा जुनसुकै बखत कोषको हिसाब किताव जाँच्न वा जाँच गराउन सक्नेछ ।

(४) कार्यालयले कम्तीमा वर्षको एक पटक कोषको सार्वजनिक लेखापरिक्षणको व्यवस्था मिलाउनेछ ।

## परिच्छेद - ७

## कसुर र सजाय

६२. **कसुर गरेको मानिने**: (१) कसैले पनि यस दफा बमोजिमको काम कारबाही गरे गराएमा यस ऐन अन्तर्गत कसुर गरेको मानिनेछ ।

(२ ) दफा ५ को उपदफा (२) विपरित हुनेगरी कृषि बजार स्थापना र सञ्चाल गरे गराएमा ।

(३) दफा ७ को उपदफा (२) वमोजिम कृषि व्यवसाय गाउँपालिकामा दर्ता वा सूचिकृत नगराएमा ।

(४) दफा (९) विपरित कृषि व्यवसाय गर्ने व्यक्ति, समूह, सहकारी वा कम्पनीलाई कृषि व्यवसाय गर्नबाट बन्चित गरि हानि नोक्सानी पुग्ने कार्य गरे गराएमा ।

(५) दफा १२ को उपदफा (१) को खण्ड (क ), (ख), (ग ), (घ), (ङ), (च), (छ) र (ज ) विपरित अरूलाई असर हुने काम गरे गराएमा ।

(६) दफा १३ को उपदफा (२) र (४) विपरितको कार्य गरे गराएमा ।

(७) दफा ३१ को उपदफा (१) वमोजिम कुनै पनि व्यक्ति, एजेण्ट, समुह, सहकारी वा कम्पनीले गाउँपालिकामा व्यवसाय दर्ता नगरी व्यवसाय सञ्चालन गरे गराएमा ।

(८) दफा ३३ को उपदफा (१) को खण्ड (क), (ख), (ग ), (घ), (ङ) र (च) विपरित हुने कार्य गरे गराएमा ।

(९) दफा ३४ वमोजिम दिएको निर्देशनको पालना नगरेमा ।

(१०) दफा ४५ बमोजिम दर्ता हुनु पर्ने कृषि समुह दर्ता नगरी स्थापना र सन्चालन गरेमा ।

(११) दफा ४८ को उपदफा (३) वमोजिम अघि तत्काल प्रचलित कानून बमोजिम अन्यत्र दर्ता भएको तथा गाउँपालिका क्षेत्रमा कार्य गर्दै आएका संस्थाहरुले यो ऐन प्रारम्भ भएको मितिले तीन महिनाभित्र यस ऐन वमोजिम दर्ता नगराएमा ।

(१२) दफा ४९ वमोजिम कृषक समुह नविकरण नगरेमा ।

(१३) दफा ५२ उपदफा (१) विपरित सार्वजनिक सम्पत्तिको हिनामिना गर्ने, प्रचलित कानून विपरित कार्यगर्ने तथा भ्रष्टाचार वा आर्थिक हिनामिना गरे गराएमा ।

(१४ ) दफा ५४ बमोजिमको निर्देशन पालना नगरेमा ।

(१५) दफा (५७) को उपदफा (३) विपरित कोषको रकम खर्च गरे गराएमा ।

(१६) दफा ५८ को उपदफा (१) को खण्ड (क), (ख ), (ग) (घ ) र (ङ) वमोजिमको कार्यमा कोषको रकम खर्च गरे गराएमा ।

६३. **जरिवाना सम्बन्धी व्यवस्थाः** (१) कसैले दफा ६२ अन्तर्गतको कसुर गरे गराएमा समिति वा अनुगमन टोली वा प्रमुख प्रशासकीय अधिकृतले कसुरको मात्र हेरी यस दफा बमोजिम जरिवाना गर्न सक्नेछ ।

(२) दफा ६२ को उपदफा (२) विपरित हुनेगरी कृषि बजार स्थापना र सञ्चालन गरे गराएमा गाउँपालिकाले पाँच हजार रूपैयाँ देखि दश हजार रूपैयाँ सम्मको जरिवाना गर्न सक्नेछ ।

(३) दफा ६२ को उपदफा (३) वमोजिम गाउँपालिकामा कृषि व्यवसाय दर्ता वा सूचिकृत नगराई सन्चालन गर्ने जो कोहीलाई गाउँपालिकाले पाँच हजार रूपैयाँ देखि दश हजार रूपैयाँ सम्मको जरिवाना गर्न सक्नेछ ।

(४) दफा ६२ को उपदफा (४) वमोजिमको कसुर गरे गराएमा गाउँपालिकाले त्यस्तो कसुरबाट पुगेको क्षति बराबर विगो र सोहि बराबर जरिवाना गर्न सक्नेछ ।

(५) दफा ६२ को उपदफा (५) विपरित कुनै पनि व्यक्ति, समूह, सहकारी वा कम्पनीले पशुपन्छी पालन गर्दा अरुलाई असर गर्ने कार्य गरउनु नहुने र उक्त कार्य गरे गराएमा गाउँपलिकाले कसुरको मात्रा हेरी सो बराबरको जरिवाना गर्न सक्नेछ ।

(६) दफा ६२ को उपदफा (६) विपरितको कसुर गरे गराएमा गाउँपालिकाले त्यस्तो कसुरबाट पुगेको क्षति बराबरको विगो भराउने र सोहि बराबरको जरिवाना गर्न सक्नेछ ।

(७) दफा ६२ को उपदफा (७) विपरितको कसुर गरे गराएमा गाउँपालिकाले त्यस्तो व्यवसाय दर्ता गर्दा लाग्ने दस्तुर र व्यवसाय सञ्चालन गरेको प्रत्येक वर्षको लागि लाग्ने व्यवसाय कर बराबरको थप रकम जरिवाना हुनेछ ।

(८) दफा ६२ को उपदफा (८) वमोजिमको कसुर गरे गराएमा कसुरको मात्र हेरी गाउँपालिकाले सो बराबरको जरिवाना गर्न सक्नेछ ।

(९) दफा ६२ को उपदफा (९) बमोजिम दिईएको निर्देशन पालना गर्नु पर्ने सम्बन्धित व्यक्ति वा संस्थाले पालना नगरेमा गाउँपालिकाले  एक हजार रूपैयाँ देखि पाच हजार रूपैयाँ सम्म जरिवाना गर्न सक्नेछ ।

(१०) दफा ६२ को उपदफा (१०) विपरितको कसुर गरेमा गाउँपालिकाले पाँच हजार रूपैयाँ  देखि १० हजार रूपैयाँ सम्मको जरिवाना गर्न सक्नेछ ।

(११) दफा ६२ को उपदफा (११) वमोजिम अघि तत्काल प्रचलित कानून बमोजिम अन्यत्र दर्ता भएको तथा गाउँपालिका क्षेत्रमा कार्य गर्दै आएका संस्थाहरुले यो ऐन प्रारम्भ भएको मितिले तीन महिनाभित्र यस ऐन वमोजिम दर्ता नगराएमा पहिलो वर्षको लागि दर्ता गर्दा लाग्ने दस्तुरको दोब्बर दस्तुर र त्यस पछिको पाँच बर्षको लागि प्रत्येक बर्ष दर्ता दस्तुरको पच्चीस प्रतिशत थप रकम लीई दर्ता गरिदिन सकिनेछ ।

तर, पाँच बर्ष भन्दा बढी अवधि व्यतित भएकोमा प्रति बर्ष दर्ता दस्तुरको पचास प्रतिशत थप दस्तुर लिई दश बर्ष सम्मको दर्ता नविकरण गर्न सकिनेछ ।

(१२) दफा ६२ को उपदफा (१२)  वमोजिम कृषक समुह नविकरण नगरेमा उपदफा (११) बमोजिम नविकरण गरी दिन सकिनेछ ।

(१४) दफा ६२ को उपदफा (१३) विपरितको सार्वजनिक सम्पत्तिको हिनामिना गर्ने, प्रचलित कानून विपरित कार्य गर्ने तथा भ्रष्टाचार वा आर्थिक हिनामिना गर्ने व्यक्तिलाई कसुरबाट पुगेको क्षति बराबरको विगो भराउने र सोहि बराबरको जरिवाना गर्न सक्नेछ ।

(१४) दफा ६२ को उपदफा (१४) बमोजिम दिईएको निर्देशन पालना नगरेमा गाउँपालिकाले  एक हजार रूपैयाँ देखि पाच हजार रूपैयाँ सम्म जरिवाना गर्न सक्नेछ ।

(१५) दफा ६२ को उपदफा (१५) विपरित कोषको रकम खर्च गर्ने गराउनेलाई कसुरबाट पुगेको क्षति बराबरको विगो भराउने र सोहि बराबरको जरिवाना गर्न सक्नेछ ।

(१६) दफा ६२ को उपदफा (१६) वमोजिमको कोषको रकम अन्य प्रयोजनको लागि खर्च गरे गराएमा कसुरको मात्रा हेरि गाउँपालिकाले सो बराबरको जरिवाना गर्न सक्नेछ ।

६४. **जरिवाना असूल गर्नेः** (१) यस ऐन बमोजिमको भएको जरिवाना तिर्नु सम्बन्धित व्यक्तिको दायित्व हुनेछ ।

(२)  यस ऐन बमोजिमभएको जरिवाना नतिर्ने व्यक्तिको चल अचल सम्पतिबाट गाउँपालिकाले असुल उपर गर्न सक्नेछ ।

(३) यस ऐन बमोजिम गरिएको जरिवाना तोकिएको समयमा नातिर्ने नबुझाउने व्यक्तिलाई जरिवाना गर्ने निर्णय भएको मिति देखि दश प्रतिशत जरिवाना थप गरी असुल उपर गरिनेछ ।

(४) यस ऐन बमोजिम भएको जरिवाना सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

६५. **<u>जरिवाना गर्दा अपनाउनुपर्ने कार्यविधि</u>** : (१) यस ऐन बमोजिम जरिवाना गर्नु परेमा जरिवाना गर्ने निकाय वा अधिकारीले तोकिए बमोजिमको ढाँचामा आदेश पर्चा खडा गरी सो को एक प्रति सम्बन्धितलाई बुझाई सोको भर्पाईगराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम जरिवाना को रकम निर्धारण गर्दा जरिवाना गर्ने निकाय वा अधिकारीले सम्वन्धित समूह वा व्यक्तिले गरेको कसुरको प्रकृति त्यसको मात्रा त्यसबाट भएको काननूनको उल्लङ्घन तथा क्षति समेतको आधारमा निर्धारण गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम जरिवाना को आदेश दिदा जरिवाना को रकम त्यस्तो जरिवाना बुझाउने स्थान र जरिवाना दाखिला गर्नुपर्ने अन्तिम मिति समेत तोकिदिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको आदेश सम्बन्धित समुह वा व्यक्तिले बुझि लिन इन्कार गरेमा वा सो कार्यमा बाधा अवरोध गरेमा जरिवाना गर्ने निकाय वा अधिकारीले प्रहरीको सहयोगमा त्यस्तो जरीवाना गर्ने सम्बन्धमा भएको आदेश बुझाउन सक्नेछ ।

(५) जरिवाना गर्ने निकाय वा अधिकारीले गरेको जरिवाना सम्बन्धी आदेशको अभिलेख तोकिए बमोजिमको ढाँचामा राख्नुपर्नेछ ।

(६) जरिवाना गर्ने सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

६६. **<u>पुरस्कृत तथा प्रोत्साहित गर्ने</u>**: (१) यस ऐन बमोजिमको कसुर भएको वा हुन लागेको भन्ने सूचना दिने, अनुगमन तथा अनुसन्धानको काममा सहयोग गर्नेलाई पुरस्कृत तथा प्रोत्साहित गर्न सकिनेछ ।

(२) यस ऐन बमोजिमको कसुरमा सूचना दिने तथा अनुसन्धानको काममा सहयोग गर्ने व्यक्तिलाई कसुरदारबाट असुल भएको विगोको १५ प्रतिशत सम्मको रकम पुरस्कार दिन सकिनेछ ।

(३) यस ऐन बमोजिमको कसुरका सम्बन्धमा सूचना दिने र अनुसन्धानमा सहयोग पुर्याउने व्यक्ति वा संस्थालाई निजले सूचना सङ्कलन गर्दा वा सूचना पठाउँदा वा अनुसन्धानमा सहयोग गर्दा निजले गरेको खर्च रकम गाउँपालिकाबाट निजलाई शोधभर्ना वा प्रोत्साहन स्वरूप उपलब्ध गराइनेछ ।

(४) यस दफा बमोजिम सूचना दिने व्यक्तिले चाहेमा नाम, ठेगाना तथा निजबाट प्राप्त भएको सूचना सम्बन्धी विवरण गोप्य राखिनेछ ।

## परिच्छेद - ८

## विविध

६७. **बीमा सम्बन्धी व्यवस्था** :(१) यस ऐन बमोजिम गरिने कृषि तथा पशुपन्छी व्यवसायले उत्पादनको आधारमा विमा समितिले तोकेको प्रकृया पुरा गरी त्यस्तो बीमा कार्य गर्न अख्तियार पाएको विमा कम्पनीमा विमा गर्नु पर्नेछ ।

(२) बीमा गर्ने प्रक्रियाका सम्बन्धमा वीमा समितिले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ ।

(३) यस ऐन बमोजिम गरिने व्यावसायिक कृषि तथा पशुपन्छी व्यवसाय सम्वन्धित निकायमा दर्ता हुन साथ सोही मितिबाट लागू हुने गरी सम्बन्धित वीमा कम्पनीले वीमा गर्न सक्नेछ ।

६८. **सार्वजनिक निजी साझेदारीमा कार्य गर्न सक्ने**: (१) गाउँपालिकाले कृषि वस्तुको उत्पादन, उत्पादित कृषि बस्तुहरुको प्रशोधन, ब्रान्डिङ, लेबलिङ्ग, बिक्रि बितरण र दिगो बजारीकरणका लागि निजि क्षेत्रसँग सार्वजनिक निजि साझेदारीको अवधारणामा कार्य गर्न सक्नेछ ।

(२) उपदफा (१) को प्रयोजनका लागि गाउँपालिकाले कृषि उत्पादनको अवस्था, आवश्यकता र उपयोगिताको आधारमा देहाय बमोजिमका विभिन्न मोडेलहरु अवलम्बन गरी नीजि क्षेत्रका साझेदारसँग लगानी प्राप्त गर्न र प्रतिफल बाँडफाँड गर्नेगरी निश्चित अवधिका लागि सम्झौता गर्न सक्नेछः -

(क) सञ्चालन तथा व्यवस्थापन अधिकतम पाँच देखि पन्ध्र वर्षका लागि

(ख) निर्माण, सञ्चालन तथा हस्तान्तरण दश देखि बीस वर्षका लागि

(ग) निर्माण, स्वामित्वकरण, सञ्चालन तथा हस्तान्तरण पन्ध्र देखि पच्चीस वर्षका लागि

(घ) लिज वा सहुलियत (कन्सेसन) सम्झौतामा तोकिए वमोजिम वा अधिकतम तीस वर्ष ।

(३) यस दफा बमोजिम गाउँपालिकाले सार्वजनिक निजि साझेदारीमा कार्य गर्नका लागि निजि क्षेत्रका साझेदार छौनौट गर्दा सार्वजनिक खरिद ऐन र अन्य प्रचलित कानून बमोजिम गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिमको सम्झौताको अवधी समाप्त भए पछि पुन सोहि मोडेललाई निरन्तर दिनु पर्ने वा फरक मोडेलमा कार्य गर्नु पर्ने भएमा यस ऐन र प्रचलित कानून बमोजिमको खरिद प्रकिया पुरा गरी पुनः उपदफा (२) बमोजिमको अवधिका लागि साझेदारीमा कार्य गर्न अर्को सम्झौता गर्न सकिनेछ ।

६९. **सञ्चालन तथा व्यवस्थापन**: (१) सम्झौता अवधिभर सम्झौता वमोजिमको कार्य सञ्चालन तथा व्यवस्थापनको दायित्व सम्बन्धित निजि साझेदारको हुनेछ ।

(२) यस ऐन बमोजिम भएको सम्झौतामा हेरफेर गर्नुपरेमा निजी साझेदार वा गाउँपालिकाको तर्फबाट एक अर्कालाई प्रस्ताव गर्नुपर्ने र आपसी समझदारीबाट सम्झौताका बुँदाहरुमा हेरफेर गर्न सकिनेछ ।

७०. **रणनीतिक तथा गुरु योजना निर्माण गर्नु पर्ने** : (१) गाउँपालिकाले स्थनीय कृषि तथा पशुपन्छी विकास र व्यवसायिक उत्पादनका लागि अल्पकालिन, मध्यकालिन र दिर्घकालिन रणनैतिक तथा गुरू योजना निर्माण गर्नु पर्नेछ ।

(२) उपदफा (१) वमोजिम निर्माण गरिने योजना कम्तिमा पनि देहायको अवधिका लागि निर्माण गर्नु पर्नेछ;-

(क) अल्पकालीन योजना कम्तिमा पनी तीन देखि पाँच बर्ष सम्मको लागि,

(ख) मद्यकालिन योजना कम्तिमा पनि पाँच बर्ष देखि दश बर्ष सम्मको लागि,

(ग) गुरु योजना कम्तिमा पनि दश बर्ष देखि पच्चीस बर्ष सम्मको लागि ।

(३) यस दफा बमोजिमको अल्पकालीन योजना प्रत्येक दुई बर्षमा मध्यकालीन योजना प्रत्येक तीन बर्षमा र दिर्घकालिन योजना प्रत्येक पाँच बर्षमा समिक्षा गरी आवश्यक सुधार गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम गरिएको समिक्षा प्रतिवेदन समितिले कार्यपालिका मार्फत सभामा पेश गर्नु पर्नेछ ।

७१. **समन्वय र साझेदारी गर्न सक्ने**: (१) गाउँपालिकाले कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्धनको लागि नेपाल सरकार, प्रदेश सरकार, सहकारी, निजी क्षेत्र, कृषि तथा पशुपन्छी व्यवसाय सम्बन्धी सङ्घ संस्था लगायत निजि तथा गैरसरकारी क्षेत्रसँग समन्वय, सहकार्य र साझेदारीमा कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

७२. **आदेश जारी गर्न सक्ने**: (१) यस ऐन तथा प्रचलित कानूनको अधिनमा रही गाउँपालिकाले यो ऐनको कार्यान्वयन गर्न आवश्यकता अनुसार आदेश जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आदेशको पालना गर्नु सम्बन्धित सबै सरोकारवालाहरुको कर्तव्य हुनेछ ।

(३) उपदफा (१) बमोजिम जारी भएको आदेश उक्त आदेश जारी भए पश्चात तत्काल पछि बस्ने सभामा अनुमोदनका लागि पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम पेस हुन आएकोमा सभाले गरेको निर्णय अनुसार हुनेछ ।

७३. **<u>तथ्याङ्क अभिलेखीकरण गर्ने</u>**: यो ऐन जारी भई कार्यान्वयनमा आए पश्चात् गाउँपालिकाले गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका कृषि तथा पशुपन्छी व्यवसायीहरूको लगत, तथ्याङ्क र अभिलेख तोकिए बमोजिमको ढाँचामा अद्यावधिक गरी राख्नु पर्नेछ ।

७४. **<u>स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण, प्रवर्द्धन र अभिलेखीकरण</u>** : (१) यस ऐन बमोजिम कृषि तथा पशुपन्छी व्यवसायको प्रवर्द्धन गर्दा वा व्यवसायिक कृषि करार गर्दा बौद्धिक सम्पत्ति, भौगोलिक परिचय तथा कृषक अधिकार समेतको संरक्षण हुने गरी गर्नु पर्नेछ ।

(२) गाउँपालिकाले स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण, प्रवर्द्धन र अभिलेखीकरणका लागि देहायका कार्यहरू गर्ने गरी आवश्यक व्यवस्था मिलाउन सक्नेछ;-

(क) समाज र व्यवहारोपयोगी सिर्जना गर्ने स्रष्टालाई निजको सिर्जना माथिको अधिकार तथा सुविधाहरुलाई बौद्धिक सम्पत्तिको रुपमा अङ्गिकार गर्ने,

(ख) प्रतिलिपि अधिकार, पेटेण्ट, डिजाइन, ट्रेडमार्क, भौगोलिक सङ्केत, इन्टिग्रेटेड सर्कीटको लेआउट डिजाइन गर्ने,

(ग) स्थानीय बिरुवाको नयाँ प्रजातिको संरक्षण, व्यापारिक गोप्यता (Trade Secret), परम्परागत ज्ञान, परम्परागत साँस्कृतिक अभिव्यक्ति, बौद्धिक सम्पत्ति जनित आनुवांशिक श्रोत तथा जैविक विविधताको पहिचान र प्रोत्साहन गर्ने,

(घ) स्थानीय बौद्धिक सम्पत्तिका हरेक विधा एवं पक्षको पहिचान गरि सोको संरक्षणको लागि स्थानीय आवश्यकता अनुरूप नीति, कार्यक्रम र बजेटको व्यवस्था गर्ने,

(ङ) विद्यमान स्थानीय परम्परागत ज्ञान, जैविक विविधता र भौगोलिक सङ्केतलाई अधिकतम् उपयोग गर्दै बौद्धिक सम्पत्तिलाई स्थानीय विकासको औजारको रूपमा समेत अवलम्बन गरी नीति, कार्यक्रम र बजेट परिचालन गर्ने,

(च) बौद्धिक सम्पत्तिलाई वातावरणमैत्री प्रविधि हस्तान्तरण, विदेशी लगानी आकर्षण, अनुसन्धान प्रवर्द्धन, प्राविधिक क्षमताको विकास र ज्ञान आर्जनको स्रोतको रूपमा उपयोग गर्ने,

(छ) स्थानीय स्तरमा उत्पादित वस्तु तथा सेवाको प्रतिस्पर्धात्मक क्षमता, गुणस्तर तथा उत्पादकत्व बढाउन अधिकतम मात्रामा बौद्धिक सम्पत्तिको उपयोग हुने खालका नयाँ प्रविधिको विकास तथा ग्रहणलाई प्राथमिकता दिने ।

(३) कसैले पनि अर्काको सृजनालाई कुनै स्वरुपमा आफ्नो हो भनि त्यसको स्वामित्व लिने, विक्री वितरण गर्ने, अनाधिकृत रुपमा प्रयोग गर्ने वा कसैलाई दिने कार्य गर्नु गराउनु हुँदैन ।

(४) स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण, प्रवर्द्धन र अभिलेखीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७५. **प्रतिवेदनः** (१) यस ऐन तथा प्रचलित कानून बमोजिम भएको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्धन सम्बन्धि कार्यको अनुगमनको मासिक, त्रैमासिक र वार्षिक प्रतिवेदन सम्बन्धित शाखाले तोकिए बमोजिमको ढाँचामा तयार गरी गाउँपालिका समक्ष पेस गर्नुपर्नेछ ।

(२) यस ऐन तथा प्रचलित कानून बमोजिम कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्धन सम्बन्धि गरिएको अनुगमन कार्यको सबन्धित अधिकारीले काम सकिएको मितिले तीन दिनभित्र तोकिए बमोजिमको ढाँचामा गाउँपालिका समक्ष लिखित प्रतिवेदन पेस गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम तयार गरिने प्रतिवेदनमा देहायका कुराहरू खुलाइएको हुनु पर्नेछ,-

(क) निरीक्षण जाँचबुझ वा खानतलासी गर्नु परेको स्थान, कारण र मिति,

(ख) कृषि तथा पशुपन्छी व्यवसायको अवस्था,

(ग) कुनै आदेश दिईएको बाहेक त्यस्तो आदेश दिनु पर्नको कारण र मिति,

(घ) त्यस्तो निरीक्षण जाँचबुझ र खानतलासी पछि सो सम्बन्धमा गर्नु पर्ने बाँकी काम कारबाहीको विवरण,

(ङ) सजाय गरेको विवरण,

(च) तोकिए बमोजिमका अन्य विवरण ।

(४) कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्धनअनुगमन गर्दा तोकिए बमोजिमको ढाँचामा मासिक अनुगमन प्रतिवेदन गाउँपालिका समक्ष पेस गर्नु पर्नेछ ।

७६. **अनुगमन तथा मूल्यांकन** : (१) यस ऐन बमोजिमको कार्यको अनुगमन र मूल्यांकन समितिले आवधिक र नियमित रूपमा गर्नु पर्नेछ ।

(२) उपदफा (१) वमोजिम गरिएको अनुगमन र मूल्यांकनको एकीकृत प्रतिवेदन अर्ध बार्षिक र बार्षिक रूपमा कार्यपालिका मार्फत सभामा पेश गर्नु पर्नेछ ।

७७. **अध्ययन तथा अनुसन्धान** : (१) गाउँपालिकाले स्थनीय कृषि तथा पशुपन्छी विकास र व्यवसायिक उत्पादनका लागि आवश्यकता अनुसार आवधिक र नियमित अध्ययन अनुसन्धान गर्नु गराउनु पर्नेछ ।

(२) स्थानीय स्थानीय कृषि तथा पशुपन्छी विकास र व्यवसायिक उत्पादनका लागि गाउँपालिकाले देहाय अनुसारका कार्य गर्नेछ;-

(क) एकिकृत कृषि अनुसन्धान केन्द्र स्थापना,

(ख) नियमित अध्ययन तथा अनुसन्धान, कार्य सञ्चालन,

(ग) आवश्यकताअनुसार विशिष्ट बाली तथा पशुपंक्षी सम्बन्धी विशेष अध्ययन ।

(३) स्थानीय कृषि तथा पशुपन्छी विकास र व्यवसायिक उत्पादनका लागि गरिने अध्ययन अनुसन्धान सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७८. **ऐन कार्यान्वयनको मापन गरिने**: (१) यस ऐनको कार्यान्वयन प्रभावकारीता मापन स्वतन्त्र परामर्श दाताबाट समितिले प्रत्येक तीन तीन बर्षमागर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम गरिएको मापनको प्रतिवेदन समितिले कार्यपालिका मार्फत सभा समक्ष पेश गर्नु पर्नेछ ।

७९. **पुरस्कृत गर्न सक्ने**: (१) यसदफा बमोजिम गाउँपालिकाको सहयोगमा वा निजि प्रयासमा कृषि उत्पादनमा योगदान गर्ने वा नमुना कृषकलाई गाउँपालिकाले बार्षिक रूपमा पुरस्कृत र सम्मान गर्न कृषि प्रवर्धन पुरस्कार प्रदान गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको पुरस्कार प्रदान गर्न **'सिलीचोङ कृषि प्रवर्धन÷** पुरस्कार कोषको स्थापना गरिनेछ ।

(३) उपदफा (२) बमोजिम स्थापना हुने कोषको सन्चालन र व्यवथापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ

८०. **पुनरावेदन** : (१) यस ऐनको दफा ४९, ५१ र ५२ बमोजिम भएको निर्णयमा चित्त नबुझ्ने पक्षले त्यस्तो निर्णय भए गरेको तीन महिना भित्र थाहा पाएको मितिले १५ पन्ध्र दिनभित्र गाउँपालिका अध्यक्ष समक्ष पुनरावलोकनको लागि निवेदन दिन सक्नेछ ।

(२)  उपदफा (१) बमोजिम निवेदन परेमा सो सम्बन्धमा गाउँपालिका अध्यक्षले ३० (तिस) दिनभित्र निर्णय गरी सक्नु पर्नेछ ।

(२) उपदफा (२) बमोजिम गाउँपालिका अध्यक्षले गरेको निर्णय उपर चित्त नबुझेमा चित्त नबुझ्ने पक्षले निर्णय भएको मितिले ३५ पैतीस दिनभित्र संखुवासभा जिल्ला अदालतमा पुनरावेदन गर्न सकिनेछ ।

८१. **नियम बनाउन सक्ने**ः कार्यपालिकाले यस ऐनको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक नियम बनाउन सक्नेछ ।

८२. **कार्यविधि, निर्देशिका र मापदण्ड बनाउन सक्ने**ः कार्यपालिकाले यस ऐन र ऐन अन्तरगत बनेको नियमावलीको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक कार्यविधि, निर्देशिका र मापदण्ड बनाउन सक्नेछ ।

८३. **खारेजी र बचाउ**ः (१) देहायका कार्यविधि र मापदण्डहरू खारेज गरिएकोछ ।

क. सिलीचोङ गाउँपालिकाको भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड तथा आधारहरू, २०८०

ख. भू-उपयोग कार्यान्वयन कार्यविधि-२०८० खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिम खारेज भएको कार्यविधि र मापदण्ड बमोजिम भए गरेका काम कारवाहीहरू यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।